बैजनाथ गीता

९४·५९२४
४६९ बै

बैजनाथ गीता

(नेपाली लोकलयमा मूल-सहित)

अनुवादक

पण्डित बैजनाथ भट्टराई

सम्पादक

डा० हरिराज भट्टराई
नेपाल चेयर,
काशी हिन्दू विश्वविद्यालय

बैजनाथ गीता, २०४४

© डा० हरिराज भट्टराई

सांघु मैवाखोला, ताप्लेजुङ, मेची

प्रकाशन :

असीम सौरभ-प्रकाशन माला–२
ताप्लेजुङ

वितरण :

- पो०, बा० ३५५, ज्ञानेश्वर, काठमाडौं
- शान्तिचोक, ईटहरी, सुनसरा, कोशी
नेपाल

मूल्य : २१/००

मुद्रक :

आनन्द-कानन प्रेस,

डी० १४/६५, टेढ़ीनीम, वाराणसी–१

Regmi Memorial Library
Kathmandu, Nepal
Acc. NO 716

सम्पादकीय

पूर्वीय दर्शनको गहन अध्ययन र सूक्ष्म परिशीलनमा जीवनका धेरै भाग बिताएर गीता जस्तो विश्व-चर्चित तथा दुष्प्रवेश्य ग्रन्थलाई लोकलयमा बाँध्न सक्षम पिताजीको महनीय योगदान-प्रति छोराले केही भन्न खोज्नु शोभाजनक नठानिएला ।

यस ग्रन्थको महत्त्व र गरिमालाई ध्यानमा राखेर यसको सम्पादन गर्ने धृष्टता गरिएको हो । श्रीमद्भगवद्गीताको नेपाली भाषामा धेरै गद्य-पद्य अनुवाद प्रकाशित भएका छन् । लोकलयका माध्यमले यसले यस परम्परामा एउटा सोपान थप्नेछ ।

लेखककै नामबाट यस ग्रन्थको नाम राखिएको हो—'बैजनाथ गीता ।' अर्थबोध र तुलनाका लागि सघाउ पुगोस् भन्ने सद्भावना राखेर मूल सहित सम्पादन गरिएको छ । जन-जिब्रोमा 'बैजनाथगीता' रमाउन सक्यो भने अनुवादकको परिश्रम सार्थक हुने, सम्पादन कार्यमा हौसला मिल्ने र यसमा भएका त्रुटि अर्को संस्करणमा सुधार गर्ने आशा राख्न सकिन्छ ।

अनुवाद कार्य सुगम छैन, यो अर्कै विद्या हो । अनुवादकमा रहेको वस्तु-बोध र भाषाको अधिकार तौलने कुरा पाठकलाई सुम्पेका छौं । यसमा देखिएको भाषिकाको प्रयोगलाई अनुवादकको भाषिक क्षेत्रको प्रभाव मान्नुपर्ला ।

अक्षय तृतीया, २०४४ —हरिराज भट्टराई

वाराणसी

प्राक्कथन

धर्म र कीर्ति वैराग्य ज्ञान धन यी पाँच र।
अणिमा आदि ऐश्वर्य एक यी छःको समूह ॥१॥
कहिन्छ भग. भग छ जस्मा भगवत् त्यो हुन्छ।
सौन्दर्य ज्ञान पुत्रादि धन यी श्रीले कहिन्छ ॥२॥
जसमा श्री छन् त्यो वस्तु श्रीमत् भनेर कहिन्छ।
त्यस्तो यो श्रीमद्भगवद्गीतामाहात्म्य लेखिन्छ ॥३॥
विषयीलाई सुखी र राम्रो धनले पार्दछ।
वैरागीलाई ज्ञानले सुखी र राम्रो पार्दछ ॥४॥
विषयासक्तको पुत्र आदि विनाशी धन हो।
वैराग्यवान्‌को अनाशी स्थायी ज्ञान नै धन हो ॥५॥

प्रिय पाठकवर्ग !

श्रीमद्भगवत्-गीताको निम्नलिखित माहात्म्यको अवयव अर्थ विचार गरेर पाठ गर्नुहोला, इच्छापूर्ण हुनेछ। यो गीता गीतका रूपमा नेपाली भाषामा अनुवाद गरेको छु। अनुष्टुप्छन्द ३२ अक्षरको हुन्छ, यो गीत पनि उति नै अक्षरको छ; हलन्तको गणना गरिदैन। गीतामा भएका उपजाति छन्दलाई पनि अनुष्टुप् छन्दैमा परिणत गरेको छु। गाउँदा वा भन्दा ५।५ अक्षरमा विश्राम गरेजस्तो गरेर छः अक्षरहरूले पूरा गर्नुपर्ला। बिस्तारै शैली वा भाका मिलाएर भन्दा राम्रो सुनिरहनु जस्तो हुन्छ; विलम्ब गरेर भन्नू। अर्थबोध नहुने जस्ता शब्दको १-२ आदि चिह्न दिएर टिप्पणीमा बुझाइएको छ। जतातते आत्म शब्दको प्रयोग गरिएको छ। आत्मले परमात्मा, जीवात्मा, मन, बुद्धि, देह, इन्द्रिय सबै-लाई र जसको चिन्तना गरिन्छ, त्यसकै रूप हुनुलाई पनि बुझाउँछ; प्रकरण हेरेर छुट्याउनुपर्छ। त्यस्तै अक्षर, ब्रह्म, कूटस्थ आदि यावत् चेतन आत्मा वा ब्रह्म-लाई कहने शब्दले मूल प्रकृति या मायालाई पनि कहन्छ। त्यहाँ पनि कसको प्रसङ्ग चलेको छ बिचार गरेर अर्थ गर्नुपर्ला। यौटा अर्थलाई अर्को अर्थमा परिणत नगर्नुहोला भन्ने प्रार्थना गर्दछु।

सहयोग प्रदान गर्नुहुने श्री सूबसेन ओली, कोशी अञ्चलाधीश, श्री बलराम पोखरेल र श्री लेखनाथ घिमिरे प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

—बैजनाथ

गीताको माहात्म्य

यो पुण्य-गीता-शास्त्र भै शुद्ध पुरुष जो पढ्छ ।
हटेर भय-शोकादिबाट वैकुण्ठ पाउँछ ॥१॥

गीता पाठ् गर्ने शील् भएका र प्राणायाम् गर्नेका ।
निश्चय नाशिन्छन् पाप पूर्वजन्ममा गरेका ॥२॥

प्रतिदिन् जलस्नान् गर्ने जन्को मयल हट्तछ ।
एक्बार गीता-जल् स्नान, संसारमल नास्तछ ॥३॥

राम्ररी गीता गाउनु अरू शास्त्रले के गर्छन् ।
जो स्वयं कृष्णका मुखपद्मबाट नै निस्किइन् ॥४॥

भारतामृत-सर्वस्व निस्क्यो विष्णुका मुख्बाट ।
पिएर गीता नै गङ्गाजल फेरि त जन्मन्न ॥५॥

सब् उपनिषद् गाई हुन्, कृष्ण हुन् गाई दुहुने ।
पार्थ हुन् बाछो गीतामृत् दुग्ध विद्वान् हुन् पिउने ॥६॥

देवकी-पुत्रले भनिएको एउटा शास्त्र हो ।
देवकी-पुत्र मात्र नै एक देव हुन् जान यो ॥७॥

तिनका जति छन् नामहरू एउटै मन्त्र हो ।
कर्तव्य कर्म एउटा तिनै देवको सेवा हो ॥८॥

इति

यौटा शास्त्र कृष्णको गीत मात्र।
यौटा द्यौता देवकी पुत्र मात्र॥
मन्त्रै यौटा नाम त्यस्का अनेक।
उन्कै सेवा मात्र हो कर्म एक॥

ॐ श्रीपरमात्मने नमः

अथ श्रीमद्भगवद्गीता

अथ प्रथमोऽध्यायः

•

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामकाः पाण्डवाश्चैव किमकुर्वत संजय ॥१॥

संजय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥
पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥
अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥
धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ।
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥
युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ।
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥
अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम ।
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ॥७॥
भवान् भीष्मश्च कर्णश्च कृपश्च समितिंजयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥
अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

बैजनाथगीता

पहिलो अध्याय

।। श्री गणेशाय नमः ।।

अनन्त सत्य त्यो ब्रह्मलाई संझेर चित्तमा ।
यो गीता गर्छु म अनुवाद गीतका रूपमा ।।

धृतराष्ट्रले भने

युद्धका निम्ति भएका जम्मा त्यो कुरुक्षेत्रमा ।
सञ्जय ! मेरा पाण्डव्का वीर्ले के गरे युद्धमा ।। १ ।।

सञ्जयले भने

पाण्डव्का जम्मा भएका सैन्य देखेर दुर्योधन् ।
राजाले भने आचार्यसँग गएर यो वचन् ।।२।।
हेर्नुहोस् गुरो ! हजुर्का शिष्य द्रुपदपुत्रले ।
गरेको जम्मा यो ठूलो सैन्य पाण्डव्को यत्नले ।।३।।
युद्धमा शूरा आँटिला भीम अर्जुन समान ।
ती महारथी द्रुपद विराट् ति वीर युयुधान् ।।४।।
बलवान् धृष्टकेतु र चेकितान र काशिराज् ।
नरमा श्रेष्ठ शैब्य र पुरुजित र कुन्तिभोज् ।।५।।
ती उत्तमौजा र युधामन्यु विक्रान्त वीर्यवान् ।
सौभद्र अनि द्रुपदपुत्र सब् महारथी छन् ।।६।।
जो ज्यादै बढी नायक वीर छन् हाम्रा सैन्यमा ।
तिन्लाई जान्न नामका निम्ति भन्दछु हजुर्मा ।।७।।
हजूर भीष्म कर्ण र कृप समितिञ्जय र ।
विकर्ण अश्वत्थामा र सोमदत्तिजी वीर्वीर ।।८।।
मेरै नै निम्ति दिएका प्राण युद्धमा निपुण ।
अनेक अस्त्र प्रहार गर्ने छन् अरू सम्पूर्ण ।।९।।

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥
अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥
तस्य संजनयन्हर्षं कुरुवृद्धः पितामहः ।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥
ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः ।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥१३॥
ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥
पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनंजयः ।
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥
अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥
काश्यश्च परमेष्वासः शिखण्डी च महारथः ।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥१७॥
द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।
सौभद्रश्च महाबाहुः शङ्खान् दध्मुः पृथक् पृथक् ॥१८॥
स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९॥
अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः ।
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः ॥२०॥
हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥

भीष्मले रक्षित् सैन्यको हाम्रो असंख्य बल छ ।
भीमले रक्षित् सैन्यको बल जानिन्छ थोर छ ॥१०॥
गरेर भाग समग्र किल्लाहरूमा बसेर ।
भीष्मको रक्षा सबैले गर्नू कम्मर कसेर ॥११॥
तिनको हर्ष उत्पन्न गर्दै बूढा ती भीष्मले ।
सिंह झैं अति गर्जेर शङ्ख बजाए जोरले ॥१२॥
त्यो-पछि शङ्ख पणवानक गोमुख कर्नाल ।
फूकिए झट्ट त्यो शब्द भयो व्यापक संकुल ॥१३॥
त्यसपछि श्वेत अश्वले युक्त रथमा स्थित ती ।
माधव पार्थ दुवैले दिव्य बजाए शङ्ख ली ॥१४॥
कृष्णले पाञ्चजन्य र देवदत्त त्यो पार्थले ।
बजाए, पौण्ड्र त्यो महाशङ्ख बजाए भीमले ॥१५॥
अनन्त विजय शङ्ख फूके ती धर्मराजले ।
सुघोष मणिपुष्पक फूके सहदेव् नकुल्ले ॥१६॥
परमधन्वी काश्य र महारथ ति शिखण्डी ।
विराट धृष्टद्युम्न र अनि अजेय सात्यकि ॥१७॥
द्रौपदी-पुत्र द्रुपद अनि सौभद्र सबैले ।
आआफ्ना शङ्ख बजाए राजन् ! अत्यन्त जोरले ॥१८॥
त्यो शब्दले ता भूमि र व्योम सङ्कु[1]ल गराई ।
ती दुर्योधनहरूको छाती चिर्‍यो है चर्काई ॥१९॥
यस्पछि देखी हाजिर दुर्योधनादि पार्थले ।
शस्त्रको प्रयोग् भापछि धनु पक्रेर धैर्यले ॥२०॥
त्यो वेला भने यो बात कृष्णलाई हे भूधर !

अर्जुनले भने

यो मेरो रथ द्वै सैन्य-बीच राख्नुहोस् अच्युत ! ॥२१॥

१. कोलाहल ।

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन् रणसमुद्यमे ॥२२॥
योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

संजय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत !
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥
भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ पश्यैतान् समवेतान् कुरूनिति ॥२५॥
तत्रापश्यत्स्थितान्पार्थः पितॄनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥
श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि ।
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥
कृपया परयाविष्टो विषीदन्निदमब्रवीत् ।

अर्जुन उवाच

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् ॥२८॥
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥
गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥
निमित्तानि च पश्यामि विपरीतानि केशव !
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥
न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥
येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥

यिन्लाई हेर्छु म अब स्थित युद्धका इच्छाले ।
यो रण उद्यमा लड्नुपर्छ कोसँग मईले ॥२२॥

दुर्बुद्धि दुर्योधनको गर्ने युद्धमा भलाइ ।
जो जो छन् यहाँ आएका योद्धा म हेर्छु तिन्लाई ॥२३॥

सञ्जयले भने

पार्थले यस्तो भनेको बात कृष्णले सुनेर ।
त्यो रथ दुवै सैन्यका बीच लगेर राखेर ॥२४॥
भीष्म र द्रोण सबै ति राजाहरूका अगाडि ।
हे पार्थ हेर यी कुरुलाई भन्नुभो यो वाणी ॥२५॥
पार्थले त्यहाँ द्वै सैन्य-बीच बसेका बाबु ती ।
बाजे र मामा गुरुजी भाई छोरा र सार्थी ती ॥२६॥
ससुरा मित्र द्वै सैन्य-बीच आफन्त ती जन ।
बसेका सबै बान्धव बन्धु देखेर अर्जुन ॥२७॥
कृपाले व्याप्त भएर भने विलाप गरेर ।

अर्जुनले भने

हे कृष्ण ! लड्न तयार भाका स्वजन देखेर ॥२८॥
शिथिल हुन्छन् देहादि मेरा मुख् पनि सुक्तछ ।
देहमा मेरो हुँदै छ कम्प रोमाञ्च हुँदै छ ॥२९॥
हात्‌बाट खस्छ गाण्डीव, छाला भत्‌भति पोल्दछ ।
सक्तिनँ बस्न मन नै मेरो भ्रम झैं हुँदै छ ॥३०॥
सगुन पनि सम्पूर्ण उल्टै देख्तछु केशव ।
स्वजनलाई रणमा मारी देख्तिनँ श्रेय त ॥३१॥
चाहन्नँ जय र राज्य कृष्ण ! आनन्द चाहन्नँ ।
राज्य र भोग जीवन यिन्ले प्रयोजन् क्यै छैन ॥३२॥
हामीले राज्य सुख्‌भोग इच्छा जो-निम्ति गरियो ।
ती यिनै बस्छन् युद्धमा प्राण धन् त्यागि सबै यो ॥३३॥

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान् हत्वैतानाततायिनः ॥३६॥

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसंकरः ॥४१॥

संकरो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

दोषैरेतैः कुलघ्नानां वर्णसंकरकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६॥

आचार्यहरू पिता र पुत्र बाजे यी त्यस्तै नै ।
ससुरा मामा नाति र शाला सम्बन्धि उस्तै नै ॥३४॥
यिन्लाई मार्न चाहन्न कृष्ण ! मारून् तापनि यी ।
त्रैलोक्य राज्य हेतुले पनि के भनूँ भू-निम्ति ॥३५॥

हे कृष्ण ! धृतराष्ट्रका पुत्र मारेर के हुन्छ ।
यी आततायी मारेर पापै हामीमा लाग्दछ ॥३६॥
त्यसैले हामी स्वजन मार्न अयोग्य छौं सब ।
स्वजन मारी कसरी सुखी हौंला हे माधव ! ॥३७॥

लोभले नष्ट भएका चित्त यी वंश-नाशको ।
दोष र मित्रद्रोहको पाप देख्तैनन् कुनै यो ॥३८॥
कुलको नाश गरेको दोष यो देख्ने हामीले ।
यो पापबाट फर्कन कस्तो न जान्नु अहिले ॥३९॥
नाशिंदा कुल कुलको सनातन् धर्म नाशिन्छ ।
नाशिंदा धर्म पापले वंश सम्पूर्ण दाबिन्छ ॥४०॥

दबिएपछि पापले कुलस्त्री हुन्छन् दूषित ।
स्त्री दूषित् हुँदा हे कृष्ण ! वर्ण-सङ्कर जन्मन्छ ॥४१॥
सङ्कर लान्छ नरक कुलघातीका कुल्लाई ।
यिनका पितृ गिर्दछन् पिण्ड पानी क्यै नपाई ॥४२॥

यी वर्ण-सङ्कर्-कारक दोषले कुलघातका ।
नाशिन्छन् जाति धर्म र सनातन् धर्म वंशका ॥४३॥
कुलको धर्म नाशिने जनहरूको हे हरि !
नरकवास हुनेछ भन्ने सुन्दै छौं कान्भरि । ४४॥

दुःख छ अहो ! हामी छौं ठूलो पाप् गर्न निश्चित ।
जो राज्यसुख भोगले; आफन्त मार्न तत्पर ! ॥४५॥
म शस्त्र लिन्नँ मलाई मारून् शस्त्र ली हातमा ।
दुर्योधन्हरू; हुनेछ भलो हे कृष्ण त्यो ममा ॥४६॥

संजय उवाच

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादेऽर्जुनविषादयोगो
नाम प्रथमोऽध्यायः ॥१॥

अथ द्वितीयोऽध्यायः

संजय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥
क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ॥३॥

अर्जुन उवाच

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रति योत्स्यामि पूजार्हावरिसूदन ॥४॥
गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान्रुधिरप्रदिग्धान् ॥५॥

सञ्जयले भने

भनेर यस्तो धनु र बाण त्यागेर युद्धमा ।
शोकले खिन्न अर्जुन बसे रथका छेउमा ॥४७॥

इति श्रीमद्भगवद्गीताको ब्रह्मविद्याविषयमा
अर्जुनविषाद योग प्रथम अध्याय ॥१॥

अब दोस्रो अध्याय

सञ्जयले भने

दयालु भई त्यसरी आँखामा आँसु खसाली ।
विषाद गर्ने पार्थमा भने कृष्णले वाक्य यी ॥१॥

श्रीभगवान्ले भन्नुभयो

तँ मरिस् कि वा म मरें भन्दै परेका शोकमा ।
तिमीमा यस्तो नीचले गर्ने लै जाने नरक्मा ॥
दुष्कीर्ति गर्ने इज्जत फाल्ने शत्रु खुश् पारने ।
पार्थ ! यो अज्ञान् काँबाट आयो सर्वस्व नाशने ॥२॥
काँतर नहौ तिमी ता योग्य छैन है यो हुन ।
मनको तुच्छ दौर्बल्य छोडी लौ उठ अर्जुन ॥३॥

अर्जुनले भने

ती पूज्य भीष्म र द्रोणलाई युद्धमा केशव !
कसरी बाणहरूले हानूँ म ऐले माधव ॥४॥
महानुभाव ती गुरुहरू नमारिकन ता ।
भिक्षा नै बरू मागेर खान हुनेछ श्रेय ता ॥
धनको इच्छा गर्ने ति गुरु मारेर याँही नै ।
तिनैका रक्तले मुछिएका भोगौंला भोग नै ॥५॥

न चैतद्विद्मः कतरन्नो गरीयो
यद्वा जयेम यदि वा नो जयेयुः।
यानेव हत्वा न जिजीविषाम-
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसंमूढचेताः।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

न हि प्रपश्यामि ममापनुद्याद्
यच्छोकमुच्छोषणमिन्द्रियाणाम्।
अवाप्य भूमावसपत्नमृद्धं
राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

संजय उवाच

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परंतप।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ॥९॥
तमुवाच हृषीकेशः प्रहसन्निव भारत।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥

श्रीभगवानुवाच

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे।
गतासूनगतासूँश्च नानुशोचन्ति पण्डिताः ॥११॥
न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥
देहिनोऽस्मिन् यथा देहे कौमारं यौवनं जरा।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥
मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥१४॥

यो पनि हामी जान्दैनौं हाम्रो कुन् चाइँ श्रेय छ ।
हामी नै जित्छौं कि तिनी जित्छन् यो पनि के हुन्छ ॥
जसको हत्या गरेर बाच्न गर्दैनौं इच्छा ता ।
छन् तिनै धृतराष्ट्रका पुत्र सामुन्ने बसेका ॥६॥
कृपणी दोष्ले स्वभाव नष्ट भएको हुनाले ।
हजूरलाई सोद्धछु धर्ममा मूढ हुनाले ॥
जो होला श्रेय निश्चित मेरो त्यो भन्नु जनाई ।
गर्नुहोस् शिक्षा शरणागत शिष्य हूँ मलाई ॥७॥
शत्रुले हीन धनले पूर्ण भूमिको राज्य यो ।
स्वर्गको द्यौताहरूको राज्य पाएर पनि त्यो ॥
इन्द्रियहरू शोषण गर्ने सन्ताप हर्छ जो ।
देख्तिनँ कुनै हे कृष्ण ! वस्तु संताप हर्ने त्यो ॥८॥

सञ्जयले भने

पार्थले यस्तो हे राजन् ! कृष्णजीलाई भनेर ।
गर्दिनँ युद्ध भनेर बसे चुप्चाप लागेर ॥९॥
बसेका दुवै सैन्यका बीच विशाद गरेर ।
अर्जुनलाई कृष्णले भने हाँसे-झैं गरेर ॥१०॥

भगवान्ले भन्नुभयो

नशोच्नेलाई शोच्तछौ, गर्छौ ज्ञानका बात चैं ।
बाचून् कि मरून् कुनै ती विद्वान् गर्दैनन् शोक क्यै ॥११॥
कुनै दिन् तिमी म यिनी राजा थिएनन् ह्वैन थ्यूँ ।
पछि नै पनि सबै नै हामी हुनेछौं ज्यूँका त्यूँ ॥१२॥
देहीका यसै देहमा कौमार् यौवन बृद्धता ।
भएझैं अर्को शरीर लिन्छ आत्तिन्न धीर ता ॥१३॥
ठण्डी र गर्मी सुख र दुःख दिने हुन् इन्द्रिय ।
आउने जाने अनित्य ती हुन् सहू है कौन्त्येय ॥१४॥

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥
नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥
अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥
अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥
य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥
न जायते म्रियते वा कदाचि-
न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥२०॥
वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥
वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यानि संयाति नवानि देही ॥२२॥
नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥
अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥
अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

जस्लाई यिनी गर्दैनन् पीडा हे श्रेष्ठ पुरुष !
सुख र दुःख समान देख्ने त्यो छुट्छ पुरुष ॥१५॥
असत्य वस्तु नाशिन्छ सत्य नाशिन्न क्यै गरी ।
दुवैको तत्त्व जान्दछन् तत्त्वज्ञानी नै राम्ररी ॥१६॥
यो सबै जस्ले ढाकियो त्यो ता नमर्ने जान-न ।
नमर्ने यस्को विनाश गर्न क्वै पनि सक्तैन ॥१७॥
नमर्ने नित्य अनाशी देहीका[1] यिनै शरीर ।
हुन् नाश हुने त्यसैले पार्थ ! ह्वौ लड्न तत्पर । १८॥
जो मार्ने यो हो, जान्दछ जो यो, मारियो जान्दछ ।
जान्दैनन् ती द्वै मार्दैन यो ता न त यो मारिन्छ ॥१९॥
कहिले पनि लिदैन जन्म मर्दैन पनि यो ।
भए र फेरी पछि नहुने पनि त ह्वैन यो ॥
अज र नित्य सदा नै यो छ पुरानु ज्यादै हो ।
शरीर मार्दा मारिन्न यो ता यसैले नित्य हो ॥२०॥
अनाशी नित्य अव्यय[2] अज यस्लाई बुझ्छ जो ।
कस्लाई मार्छ कसरी मराउँदछ जन त्यो ॥२१॥
मानिस जस्तै पुराना थोत्रा कपड़ा त्यागेर ।
लाउँछ नयाँ सुन्दर राम्रा कपड़ा रोजेर ॥
त्यस्तै नै जीव पुराना बूढा शरीर छोड़ेर ।
अरू नै नयाँ शरीर लिन्छ त्यसबाट निस्केर ॥२२॥
यस्लाई शस्त्र न छिन्छन्, अग्नि न दग्ध गर्दछ ।
यस्लाई जल न चीसो पार्छ न वायु शोष्तछ ॥२३॥
काटिन्न पोलिन्न भिजाइन्न सुकाइँदैन यो ।
सर्वग नित्य अचल स्थायी छँदै छ सदा यो ॥२४॥
अव्यक्त अचिन्त्य अविकारी भनेर कहिन्छ ।
त्यसैले यस्तो जानेर यस्को अयोग्य शोच्नु छ ॥२५॥

१. जीवात्माका । २. नबिग्रने ।

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

आश्चर्यवत्पश्यति कश्चिदेन-
मार्श्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः शृणोति
श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात् सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते ॥३१॥

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम् ।
सम्भावितस्य चाकीर्तिर्मरणादतिरिच्यते ॥३४॥

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥

अवाच्यवादांश्च बहून् वदिष्यन्ति तवाहिताः ।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥

अथवा, नित्य जन्मने मर्ने यस्लाई मान्दछौ।
तथापि पार्थ ! यसरी तिमी अयोग्य शोचतछौ ॥२६॥

अवश्य मर्छ जन्मने, मर्ने अवश्य जन्मन्छ।
नभई ठ्याक्कै नछोड्नेमाथि अयोग्य शोच्नु छ ॥२७॥

देखिन्नन् पैले बीचमा प्राणी देखिन्छन् भारत।
मरेर पछि देखिन्नन् त्यस्मा के गर्छौ विलाप ॥२८॥

यस्लाई कोई छक्क भै हेर्छ क्वै भन्छ छक्क भै।
भै छक्क अर्को सुन्दछ सुन्दा जान्दैन पनि क्वै ॥२९॥

मारेर देही मारिन्न कैल्यै देहमा सबैका।
त्यसैले सबै प्राणीको शोक नगर तिमी ता ॥३०॥

स्वधर्म पनि हेरेर तिमी काप्तछौ अयोग्य।
क्षत्रीको धार्मिक् संग्राम-भन्दा छैन है क्वै श्रेय ॥३१॥

स्वेच्छाले आईपरेको खुल्ला स्वर्गको द्वार यो।
यस्तो यो युद्ध पाउँछन् क्षत्री ती-भन्दा सुखी को ॥३२॥

यदि यो धार्मिक् संग्राम तिमी गर्दैनौ भने ता।
स्वधर्म कीर्ति नाशेर दुवै पाप् मात्र पाउला ॥३३॥

दुष्कीर्ति पनि भन्नेछन् तिम्रो अनेक प्राणी ती।
मान्यको निन्दा मरणभन्दा पनि धेर् हुन्छ नि ॥३४॥

तिम्लाई ठान्नेछन् महारथ डरले भागेका।
जसको मान्य भएर तिमी हुनेछौ हलुका ॥३५॥

सामर्थ्य तिम्रो गरेर निन्दा तिम्रा ति शत्रुले।
नभन्ने कुरा भन्नेछन् धेरै त्यो-भन्दा दुःख के ॥३६॥

मारिए स्वर्ग जानेछौ, जिते भोग्नेछौ धरित्री।
त्यसैले उठ युद्धका निम्ति निश्चय यै गरी ॥३७॥

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां शृणु ।
बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥३९॥

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
वहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

यामिमां पुष्पितां वाचं प्रवदंन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषवहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो नियोगक्षेम आत्मवान् ॥४५॥
यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान् सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥
कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनंजय ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

१. लम्पट । २. सत्त्व, रज, तम । ३. नपाएको वस्तु पाउनु । ४. पाएका-

सुख र दुःख, लाभ र हानि, जित र हारमा ।
संझेर एकै युद्धमा लाग पर्दैनौ पापमा ॥३८॥
सांख्यमा बुद्धि तिम्लाई भनें योगमा यो सुन ।
सक्नेछौ जुन बुद्धिले कर्म-बन्धन तोडन ॥३९॥
आरम्भ यस्मा नाशिन्न न ता दोष नै यस्मा छ ।
थोरै नै पनि यो धर्म ठूला डर्बाट छुट्याउँछ ॥४०॥
निर्णय गर्ने बुद्धि छ एक निर्णय हीनका ।
अनन्त हुन्छन् ति बुद्धि, हाँगा धेरै नै फैलेका ॥४१॥
वेदका वाक्य मानेर, स्वर्ग वाहेक क्वै सुख ।
छैन है भन्ने भोगमा लीन स्वर्गमा लम्पट ॥४२॥
कर्मठेहरू ऐश्वर्य-भोग प्राप्तिका उपर ।
कर्मको फल जन्म नै दिने, नहट्ने संसार ॥४३॥
कर्मका नाना भेदले ज्यादै जो धेर हुनेछन् ।
पुष्पले युक्त भएका राम्रा जुन् वाक्य भन्दछन् ॥
त्यसले बुद्धि नाशेका सुख धनमा सक्तको[1] ।
समाधितर्फ जाँदैन बुद्धि निश्चय रूपको ॥४४॥
वेदले तीन[2] गुणको वर्णन् गर्दछन् त्यस्तिर ।
नलाग, बन सात्त्विक, योग[3] क्षेमले[4] रहित[5] ॥४५॥
सर्वत्र जल मिल्दा जो हुन्छ कूपमा आदर ।
त्यत्ति नै हुन्छ वेदमा विद्वान् द्विजको आदर ॥४६॥
कर्ममा तिम्रो हक छ, छैन फलमा कदापि ।
फलको इच्छा नगर कर्म नछोड कदापि ॥४७॥
असिद्धि सिद्धिमा सम भई, नभई आसक्त ।
योगमा रही कर्म नै गर सम योग् कहिन्छ ॥४८॥
अत्यन्त नीच कर्म छ बुद्धियोगका दृष्टिमा ।
फलेच्छु क्षुद्र कहिन्छ, जान शरण बुद्धिमा ॥४९॥

को रक्षा गर्नु । ५. बुद्धिमत्ता !

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥
कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥
यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥
श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

श्रीभगवानुवाच

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥
दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥
यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥
यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥
विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥
यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

बुद्धिमान् छोड्छ याहिँ नै पुण्य र पाप दुइटै ।
त्यसैले तिमी योगमा लाग योग हो कौशलै ॥५०॥
कर्मको फल छोडेर विद्वान् विवेकी महात्मा ।
छुटेका जन्मबन्धन जान्छन् कैवल्य पदमा ॥५१॥
जब त तिम्रो त्यो बुद्धि मोहमयल नाश्नेछ ।
सुनिने सुनेका माथि सब वैराग्य हुनेछ ॥५२॥
वेदले भ्रम पारेको तिम्रो त्यो बुद्धि जो वेला ।
आत्मामा होला निश्चल, योग पाउला त्यो वेला ॥५३॥

अर्जुनले भने

स[1]माधिस्थित ब्रह्म हूँ भन्नेका चिन्ह कस्ता हुन् ?
बोल्दछन् कस्तो कसरी बस्छन् कसरी चल्दछन् ॥५४॥

भगवान्ले भन्नुभयो

हे पार्थ ! जब मनका सबै कामना त्याग्दछ ।
आत्माले आत्मैमा तुष्ट हुन्छ, स्थितधी[1] कहिन्छ॥५५॥
दुःखमा खिन्न नहुने, इच्छा नगर्ने सुखको ।
राग र भय क्रोधले हीन भनिन्छ धीस्थ[2] त्यो ॥५६॥
सर्वत्र स्नेह रहित जो छ, शुभाशुभ् पाउँदा ।
प्रशंसा द्वेष गर्दैन, त्यस्को प्रज्ञा भो संस्थिता ॥५७॥
कूर्मले अङ्ग खिचेझैं जब विषयबाट जो ।
इन्द्रियहरू खिच्तछ त्यस्को संस्थित बुद्धि भो ॥५८॥
आहार छोड्नेका रस-बाहेक् विषय हट्तछन् ।
देखेर ब्रह्म यसका रस पनि ती हट्तछन् ॥५९॥
प्रयास गर्ने रोक्न ति विद्वान्का पनि मन्लाई ।
मथन गर्ने इन्द्रिय गर्छन् हरण जोड् लाई ॥६०॥

१. समाधिस्थित, स्थितधी, २. धीस्थ = सबका आत्मामा मन रहेको भन्ने एकै अर्थ हो ।

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥
ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते।
सङ्गात् संजायते कामः कामात् क्रोधोऽभिजायते ॥६२॥
क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः।
स्मृतिभ्रंशाद्बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥
रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन्।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥
प्रसादे सर्वदुःखानां हानिरस्योपजायते।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥
नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥
इन्द्रियाणां हि चरतां यन्मनोऽनु विधीयते।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥
तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥
या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥
आपूर्यमाणमचलप्रतिष्ठं
समुद्रमापः प्रविशन्ति यद्वत्।
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी ॥७०॥
विहाय कामान् यः सर्वान् पुमाँश्चरति निःस्पृहः।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ॥७१॥

१. मन रोकने। २. ब्रह्मचिन्तन। काम्य कर्म [फल इच्छा गरिने कर्म]

रोकेर सबै ति ममा समाधान भैरहोस ।
इन्द्रिय जस्का वश छन् त्यस्को बुद्धि भो संस्थित ॥६१॥
विषय-चिन्ता गर्नेको त्यसमा सङ्गत ह्वै जान्छ ।
सङ्गले इच्छा उब्जन्छ इच्छाले क्रोध उब्जन्छ ॥६२॥
क्रोधले हुन्छ मोह र मोहले हुन्छ स्मृति नाश् ।
स्मृतिका नाश्ले बुद्धिको नाश त्यसले सर्वनाश् ॥६३॥

मन् रोक्ने, राग द्वेष् हीन भाका इन्द्रिय-वर्गले ।
विषय भोग्ने रुद्धात्मा[1] हुन्छ प्रसन्न चित्तले ॥६४॥
प्रसन्न हुँदा यसका सबै दुःखको नाश् हुन्छ ।
प्रसन्न चित्तको चित्त झट्ट आत्मामा रहन्छ ॥६५॥

नरोक्ने मन्को बुद्धि र ब्रह्मभावना[2] हुँदैन ।
भावना-विना हुँदैन शान्ति सुख् पनि हुँदैन ॥६६॥
इन्द्रिय कुद्छन् तिनैका पछि जुन् मन लाइन्छ ।
वायुले नौका झैं यस्को बुद्धि त्यो मन्ले हर्दछ ॥६७॥
त्यसैले सबै प्रकार्ले जस्का इन्द्रियहरू त ।
विषयबाट खिँचिए त्यस्को प्रज्ञा भो संस्थित ॥६८॥
प्राणीको हुन्छ जो रात्रि[3] त्यसमा संयमी[4] जाग्दछ ।
जसमा प्राणी जाग्दछन् मुनिको रात त्यो हुन्छ ॥६९॥

अचल भई रहने भरीभराउ भएका ।
समुद्रभित्र जसरी जल पस्तछन् गएका ॥
त्यसै नै गरी जसमा सबै विषय पस्तछन् ।
त्यो जन शान्ति पाउँछ काम[5] चाहने पाउन्न ॥७०॥
त्यागेर सबै काम जो जन निःस्पृह चल्दछ ।
ममता अहङ्कारले हीन त्यो शान्ति पाउँछ ॥७१॥

रात्रि समान हुन्छ । ३. रात्रि जस्ता कर्ममा । ४. ज्ञानी रात्रि जस्तै फलेच्छा गरिने कर्मलाई देख्तछ । ५. फलको इच्छा गर्नेलाई शान्ति हुँदैन ।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ।।७२।।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे सांख्ययोगो
नाम द्वितीयोऽध्यायः ।। २ ।।

ॐ श्रीपरमात्मने नमः

अथ तृतीयोऽध्यायः

अर्जुन उवाच

ज्यायसी चेत् कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ।। १ ।।
व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ।। २ ।।

श्रीभगवानुवाच

लोकेऽस्मिन् द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ।। ३ ।।
न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ।। ४ ।।
न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ।। ५ ।।
कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते ।। ६ ।।
यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ।। ७ ।।

१. ज्ञान । २. प्राक्तन कर्मका अधीन भएको । ३. काम गर्ने इन्द्रिय ।

यो ब्राह्मी स्थिति हो पार्थ ! हुन्न यो पाई मोह ता ।
रहेर यस्मा अन्त्यमा पनि पाउँछ मोक्ष ता ॥७२॥

इति द्वितीय अध्याय ॥२॥

अब तेस्रो अध्याय

अर्जुनले भने

त्यो कर्मभन्दा ज्ञान नै श्रेष्ठ मानियो नै भने ।
यो घोर कर्ममा फेरि किन मलाई लाउने ॥१॥
मिश्रित जस्ता वाणीले बुद्धि पार्छौ कि मोहित ।
निश्चय गरी भन्नु एक् जस्ले मेरो होस् कल्याण ॥२॥

भगवान्‌ले भन्नुभयो

दुइटा निष्ठा अघि नै मैले भनें यो लोकमा ।
सांख्यको ज्ञानयोगमा योगीको कर्म योगमा ॥३॥
पुरुष कर्म नगरी कर्मरहित हुँदैन ।
कर्मको त्याग गरेर मात्र ता सिद्धि मिल्दैन ॥४॥
नगरी कर्म कदापि कोई क्षणभर् बस्तैनन् ।
अवश[२] सब मायाका गुण्ले कर्ममा लाइन्छन् ॥५॥
रोकेर कर्म[३]-इन्द्रिय मन्ले विषय सम्झेर ।
जो बस्छ त्यो ता भनिन्छ अभिमानी हो भनेर ॥६॥
इन्द्रिय[४] मन्ले रोकेर कर्मेन्द्रियले जन जो ।
कर्मको गर्छ आरम्भ असक्त श्रेष्ठ हुन्छ त्यो ॥७॥

---

४. ज्ञानेन्द्रिय ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥ ८ ॥

यज्ञार्थात् कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥ ९ ॥

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

देवान् भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

इष्टान् भोगान् हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् । १५॥

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन् कर्म परमाप्नोति पूरुषः ॥१९॥

---

१. वर्णाश्रमोक्त कर्म । २. विष्णुका निमित्त । ३. प्राणी ४. पापै जीवन

अकर्मभन्दा कर्म छ श्रेष्ठ नियत[1] काम् गर ।
नगरी काम जीवन यात्रा पनि के चल्छ र ॥८॥

यज्ञार्थ[2] कर्म अन्यत्र कर्मले लोक बाँधिन्छ ।
आसक्त नभै यज्ञार्थ कर्म गर है हे पार्थ ॥९॥

ब्रह्माले अघि यज्ञका साथै जन्म दी प्रजाको ।
यसले बढ यथेच्छा तिम्रो दिनेछ भन्नुभो ॥१०॥

यज्ञले द्यौता पूज र द्यौता बढाउन् सब्लाई ।
पाउँछौ परं कल्याण गर्दै आपुस्मा भलाइ ॥११॥

दिनेछन् द्यौता चिन्तित भोग यज्ञले पूजित ।
तिनैले देको तिन्लाई नदी खाने हो त्यो चोर ॥१२॥

यज्ञको शेष खाने ति सन्त पाप्बाट छुट्तछन् ।
जो आफ्नै निम्ति गर्दछन् पाक ती पाप भोग्दछन्॥१३॥

जन्मन्छन् अन्नबाट ती भूत[3] मेघ्बाट अन्न ती ।
मेघको जन्म यज्ञले हुन्छ कर्मले यज्ञ ती ॥१४॥

त्यो कर्म हुन्छ वेदले ब्रह्मद्वारा त्यो वेद् हुन्छ ।
त्यसैले वेद सर्वत्र यज्ञहरूमा मान्य छ ॥१५॥

यसरी घुमाइएको चक्र घुमाउँदैन जो ।
पापायु[4] रम्ने[5] इन्द्रिय-साथ व्यर्थ नै बाँच्छ त्यो ॥१६॥

जो जन गर्छ आत्मैमा प्रेम आत्मैले तृप्त छ ।
आत्मैमा हुन्छ सन्तुष्ट त्यस्को छैन क्यै कर्तव्य ॥१७॥

गर्दामा त्यस्को क्यै साध्य छैन नगर्दा क्यै छैन ।
यसको कुनै प्राणिमा साध्य पदार्थ क्यै छैन ॥१८॥

त्यसैले नित्य आसक्त नभै कर्तव्य काम् गर ।
आसक्त नभै गर्नेले कर्म, पाउँछ अक्षर[6] ॥१९॥

भएको । ५. रमण गर्ने । ६. ब्रह्म ।

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवाऽपि संपश्यन् कर्तुमर्हसि ॥२०॥
यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥
न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥
यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥
उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥
सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥
न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत् सर्वकर्माणि विद्वान् युक्तः समाचरन् ॥२६॥
प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥
तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥
प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान् कृत्स्नविन्न विचालयेत् ॥२९॥
मयि सर्वाणि कर्माणि संन्यस्याऽध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥
ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

१. लोकलाई लगाउन । २. अज्ञानी, विविध धर्म लिनेलाई कर्म गर्नुपर्दैन

गरेर कर्म जनक आदि रहे है सिद्धिमा।
हेरेर लोक[1]संग्रह पनि योग्य छौ गर्नैमा ॥२०॥
गर्दछ जे जे श्रेष्ठ जन् त्यै त्यै गर्दछ अर्को ता।
श्रेष्ठ जो मान्छ प्रमाण त्यतै लाग्दछ लोक ता ॥२१॥

हे पार्थ ! तीनै लोकमा मेरो कर्तव्य क्यै छैन।
नपाको पाउनु छैन है केई छु कर्म-संलग्न ॥२२॥

म यदि अल्छी गरेर कर्म कदाचित् नगरूँ।
मेरै नै पछि लाग्नेछन् सबै प्रकार्ले जन्हरू ॥२३॥
यदि म कर्म नगरौंला ता यो लोक् नै नाश् होला।
सङ्कर कर्ता मैं हौंला यिनी प्रजा नै मासौंला ॥२४॥
कर्ममा सक्त कर्मठे गर्छन् जे जस्तो भारत !
त्यस्तै नै ज्ञानी गरोस लोक-संग्रह निमित्त ॥२५॥

कर्ममा सक्त अज्ञको [2]बुद्धिभेद न गरोस।
आसक्त नभै समग्र कर्म गरियोस् गरोस ॥२६॥
सबै नै कर्म मायाका गुणहरूले गरिन्छ।
दम्भले[3] मूढ बुद्धि ता कर्ता म हूँ यो ठान्दछ ॥२७॥
गुण[4] र [5]कर्म-विभाग्को तत्त्व जान्ने त्यो ज्ञानी ता।
गुणमा गुणै चल्दछन् ठान्छ भन्दैन हूँ कर्ता ॥२८॥
गुणका कर्ममा सक्त हुन्छन् गुणले मोहित।
नजान्ने अज्ञ तिन्लाई चल नगरोस् पण्डित ॥२९॥
अध्या[6]त्मधीले सब् कर्म ममा अर्पण गरेर।
ममता आशा त्यागेर लड् सन्ताप छोडेर ॥३०॥
यो मेरो मत जो जन नित्य सेवन गर्दछन्।
श्रद्धालु द्वेषहीन ती पनि कर्मले छुट्तछन् ॥३१॥

नभनोस्। ३. अहंकारी। ४. दश इन्द्रिय, मन, पञ्चभूत यिनीको बोध गुणविभाग।
५. यिनीहरूको चेष्टा कर्म-विभाग। ६. मन आत्मामा लाउनु।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान् विद्धि नष्टानचेतसः ॥३२॥

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३७॥

धूमेनाऽऽव्रियते वह्निर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

तस्मात् त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥
इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

१. जन्मान्तर धर्माधर्मको संस्कार । २. संस्कार । ३. शब्दादि विषय ।

यसको द्वेष गर्न जो मेरो मतमा चल्दैनन् ।
सर्वज्ञान् मूढ तिन्लाई जान अचेत नष्ट जन् ।।३२।।

ज्ञानवान् पनि चल्दछन् आफ्नै[1] प्रकृति-अन्सार ।
जान्छन् ती प्राणी स्वभाव्मा[2] गर्न को सक्छ दमन् र ।।३३।।

इन्द्रियका ती द्वेष् राग बस्छन् विषयहरूमा[3] ।
तिनका वश नपरोस् तिनी शत्रु हुन् जनका ।।३४।।
सगुण अरूको धर्मभन्दा, निर्गुण स्वधर्म ।
श्रेष्ठ छ, आफ्नैमा मर्न श्रेय अरू छ भयङ्कर् ।।३५।।

अर्जुनले भने

गर्दैन इच्छा गर्न र पनि लाएझैं बलले ।
हे कृष्ण ! जन गर्दछ पाप लाउँछ कसले ।।३६।।

भगवान्ले भन्नुभयो

जन्मेको रजो गुण्बाट, काम हो यो, यै क्रोध हो ।
धेर् खाने महान् पापी हो जान यस्लाई शत्रु हो ।।३७।।
जसरी अग्नि धूवाँले, ऐना मैलाले, शालले–
ढाकिन्छ गर्भ त्यसरी ज्ञान ढाकियो कामले ।।३८।।

दुःखले पार्थ ! भरिने अब पुग्यो नभन्ने यो ।
नित्य ~~जित्ने~~ यो वैरी कामले ज्ञान ढाकियो ज्ञानीको ।।३९।।

कामका वास, इन्द्रिय मन बुद्धि नै कहिन्छ ।
यीद्वारा ज्ञान ढाकेर जीवलाई यो मूढ् पार्छ ।।४०।।

यसैले तिमी पहिले पार्थ ! इन्द्रिय रोकेर ।
विज्ञान[4]ज्ञान[5]नाशक पापी यस्लाई नाश् गर ।।४१।।

इन्द्रियभन्दा शब्दादि पर, ती-भन्दा मन् पर ।
मन्भन्दा पर बुद्धि छ, ब्रह्म त्यो भन्दा ज्ञन् पर । ४२।।

४. शास्त्रको बोध, ५. ब्रह्म वा आत्मबोध ।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मयोगो
नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अथ चतुर्थोऽध्यायः

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान् मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥
एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ॥२॥
स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

श्रीभगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥५॥
अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥
यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

यसरी ब्रह्म जानेर पर बुद्धिले मन्लाई ।
रोकेर पार्थ ! दुःसाध्य शत्रु मार त्यो काम्लाई ।।४३।।

इति श्रीमद्भगवद्गीता तृतीय अध्यायः ।

अब चौथो अध्याय

भगवान्ले भन्नुभयो

अव्यय योग यो मैले विवस्वान् लाई भनेथें ।
तिनले मनु, मनुले इक्ष्वाकुलाई भनेथे ।।१।।
यसरी परम्पराले प्राप्त यस्लाई राजर्षि-
हरूले जाने त्यो योग धेरै कालले भो नष्टि ।।२।।
रहस्य श्रेष्ठ पुरानु तेई योग यो अहिले ।
भक्त र सखा हौ ठानि भनें तिम्लाई मईले ।।३।।

अर्जुनले भने

हालैको जन्म हजुर्को, विवस्वान् को हो अघिको ।
कसरी जानूँ हजुर्ले अघि भनेको भन्ने यो ।।४।।

भगवान्ले भन्नुभयो

तिम्रा र मेरा ती जन्म धेरै नै भए व्यतीत ।
ती सबै जन्म जान्दछु म ता जान्दैनौ तिमी त ।।५।।
अनाशी अज सबको ईश भए तापनि म ।
प्रकृति आपनी लिएर आपनी मायाले हुन्छु म ।।६।।
जब त जब धर्मको हानि पापको उत्थान ।
हुन्छ हे पार्थ ! तब म गर्छु आफुलाइ उत्पन्न ।।७।।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥ ८ ॥
जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥ ९ ॥
वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥
ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥
चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥१३॥
न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥
किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥
कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥
कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान् मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥
यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

---

१. चाहन्छन् । २. दिन्छु । ३. म हिंडेको (गरेको) बाटो । ४. निषेध कर्म ।

साधुको रक्षा पापीको नाश धर्मको स्थापन ।
गर्नका निम्ति म हुन्छु प्रति-युगमा उत्पन्न ॥८॥
जो दिव्य मेरो जन्म र कर्म जान्दछ यथार्थ ।
मरेर फेरी जन्मन्न मैमा मिल्दछ हे पार्थ ॥९॥
हटेका राग भय क्रोध् मेरै रूपमै आश्रय ।
तो ज्ञानतपले शुद्ध धेरै नै भए मै तुल्य ॥१०॥
जो जस्तो भज्छन्[1] मलाई त्यस्तै तिन्लाई[2] भज्छु म ।
सब् विधि गर्छन् मानव मेरै मार्गानु[3]-गमन ॥११॥
कर्मको फल चाहने जन पूज्दछन् देवता ।
झट्ट नै नरलोकमा हुन्छ कर्मको फल ता ॥१२॥
गुण र कर्म विभाग गरी चार् वर्ण मैले यी ।
रचियो रच्ने मलाई जान रच्तैनन् भन्ने यी ॥१३॥
न कर्म लिप्छन् मलाई कर्म फल न इच्छा छ ।
मलाई यस्तो जान्दछ जो त्यो कर्मले बाधिन्न ॥१४॥
जानेर यस्तो गरियो कर्म मुक्तेच्छु पूर्वले ।
त्यसैले तिमी कर्म नै गर गरेको पूर्वले ॥१५॥
के कर्म हो त्यो अकर्म के हो भ्रम् परे विवेकी ।
त्यो कर्म भन्छु तिम्लाई जानी जो छुट्छौ पाप्देखि ॥१६॥
विकर्म[4] कर्म[5] अकर्म[6] यिनको पनि गति ता ।
जान्न छ योग्य गहिरो ज्यादै छ कर्म-गति ता ॥१७॥
कर्ममा[7] अकर्म[8] अकर्ममा जो कर्म देख्तछ ।
नरमा ज्ञानी त्यो युक्त[9] कर्म सब् गर्ने ठहर्छ ॥१८॥
जसका कर्म सम्पूर्ण फल चाहना-हीन छन् ।
ज्ञानाग्नि-भस्म कर्म त्यसलाई पण्डित भन्दछन् ॥१९॥

---

५. विहित कर्म । ६. कर्मत्याग । ७. गुण कर्म गर्छन्, आत्मा गर्दैन । ८. कर्म छोड्नमा । ९. समत्व योग भएको ।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥
निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शरीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥
यदृच्छालाभसंतुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥
गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥
ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥
दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥
श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥
सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥
द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्याय-ज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥
अपाने जुह्वति प्राणं प्राणेऽपानं तथाऽपरे ।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥
अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥
यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम् ।
नाऽयं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥
एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

१. केही आशा नगर्ने । २. कुनै पदार्थ प्राप्त गर्न इच्छा नगर्ने ।

छोडेर कर्म फलाशा निराधार्[1] नित्य सन्तुष्ट ।
कर्म नै गर्छ तापनि केई गर्दैन त्यो शिष्ट ॥२०॥
फलाशा-हीन मन् देह रोक्ने नगर्ने संग्रह[2] ।
केवल देह निमित्त कर्म गर्ने पाप् पाउन्न ॥२१॥
द्वन्द्वले हीन स्वप्राप्ततृप्त द्वेषले रहित ।
असिद्धि सिद्धिमा सम बाधिन्न गर्दा पनि त ॥२२॥
असङ्ग, मुक्त भएको, चित्त, ज्ञानमा रहेको ।
यज्ञार्थ कर्म गर्नेको सब नाशिन्छ कर्म त्यो ॥२३॥
अर्पण, हवि र अग्नि त्यस्मा होम्नेले होमेको ।
र कर्म ब्रह्म संझने त्यस्ले गइने ब्रह्म हो ॥२४॥
क्वै कर्मयोगी द्यौताको पूजन-यज्ञ गर्दछन् ।
क्वै ब्रह्म अग्निका आत्मले नै आत्मको होम् गर्छन् ॥२५॥
संयम[3] अग्निमा ज्ञानेन्द्रिय होम्दछन् योगी क्वै ।
इन्द्रियरूप अग्निमा होम्छन् शब्दादि अन्य क्वै ॥२६॥
क्वै दिन्छन् सबै इन्द्रिय कर्म र प्राण कर्म ती ।
ज्ञानले दीप्त संयमयोग–अग्निमा आहुति ॥२७॥
व्रत् गर्नें अरू ति योगी कुनै द्रव्य र तपस्या ।
योग र ज्ञान, स्वाध्याय नाम्का गर्दछन् यज्ञ ता ॥२८॥
प्राणायाम् गर्ने क्वै प्राणापानको गति रोकेर ।
अपान्मा प्राण, प्राणमा अपान् होम्दछन् कसेर ॥२९॥
कुनै ता ठिक्क खाए र प्राण प्राणैमा होम्दछन् ।
यज्ञवित् सबै यज्ञ ले पाप हटेका यी हुन्छन् ॥३०॥
यज्ञको शेष खाने ति जान्छन् सनातन् ब्रह्ममा ।
नगर्ने यज्ञको छैन[4] यै लोक् के होला अर्को ता ॥३१॥
यसरी नाना यज्ञको विस्तार् छ वेद-मुखमा ।
कर्मले हुने ती जान मुक्त हुन्छौ यो जानेमा ॥३२॥

३. रोक्नु रूप अग्नि । ४. कर्म नगर्नेको यो लोक, परलोक दुवैमा सुख हुँदैन ।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परंतप ।
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥
तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥
यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥
अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥३६॥
यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥
न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥
श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥
अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४०॥
योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनंजय ॥४१॥
तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानकर्मसंन्यास-योगो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

धन्‌रूप[1] यज्ञभन्दा त ज्ञानयज्ञ नै श्रेष्ठ छ ।
नरहो बाँकी सम्पूर्ण कर्म ज्ञानमा सकिन्छ ॥३३॥
प्रणाम तत्त्व-प्रश्नले सेवाले जान त्यो ज्ञान ।
उपदेश्‌ गर्नेछन्‌ तत्त्वदर्शी तिम्लाइ त्यो ज्ञान ॥३४॥
जानेर जुन यसरी फेरी पर्दैनौ मोहमा ।
जसले सब देख्नेछौ प्राणी ममा र आत्ममा ॥३५॥
पापी छौ यदि सब्‌ पापीभन्दा अत्यन्त गर्ने पाप्‌ ।
तर्नेछौ ज्ञान नौकाले मात्र राम्ररी सब पाप्‌ ॥३६॥
जसरी दीप्त-अग्नि तो काठ भस्मसात्‌ गर्दछ ।
त्यसरी ज्ञान-अग्नि सब्‌ कर्म भस्मसात्‌ गर्दछ ॥३७॥
ज्ञानले तुल्य पवित्र केई छैन यो लोकमा ।
[2]त्यो योग-सिद्ध कालले स्वयं पाउँछ आत्ममा ॥३८॥
श्रद्धालु वशी[3] तत्पर[4] ज्ञानेच्छु ज्ञान पाउँछ ।
पाएर ज्ञान शीघ्र नै ठूलो शान्ति त्यो पाउँछ ॥३९॥
अज्ञानी श्रद्धा नगर्ने, गर्ने संशय नाशिन्छ ।
संशयी जन्को न परलोक, न यो, न सुख छ ॥४०॥
योगले कर्म त्यागेका, ज्ञानले नष्ट संशय ।
आत्मज्ञलाई कर्मले बन्धन्‌ गर्दैनन्‌ कौन्तेय ॥४१॥
त्यसैले आफ्नू अज्ञानोत्पन्न बुद्धिको संशय ।
काटेर ज्ञान-असिले उठ हौ कर्म तत्पर ॥४२॥

इति श्रीमद्भगवद्‌गीता ज्ञान कर्म संन्यास योग नाम
चतुर्थ अध्याय ॥४॥

---

१. धन खर्च गर्नुपर्ने कर्म । २. कर्मद्वारा अन्तःकरण शुद्ध भएको ।
३. देह इन्द्रिय रोक्ने । ४. ब्रह्म चिन्तन गर्ने ।

अथ पञ्चमोऽध्यायः

अर्जुन उवाच

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥ १ ॥

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात् कर्मयोगो विशिष्यते ॥ २ ॥
ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥ ३ ॥
सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥ ४ ॥
यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ॥ ५ ॥
संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥ ६ ॥
योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥ ७ ॥
नैव किंचित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥ ८ ॥
प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥ ९ ॥
ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

---

१. कर्मत्याग । २. कर्म गर्न । ३. सुख र दुःख । ४. ज्ञान-योग । ५. कर्म-योग । साख्य र संन्यासको अर्थ एकै हो । देह इन्द्रियले गरेको काममा म गर्नें

अब पाँचौं अध्याय

अर्जुनले भने

नगर्नु कर्म र गर्नु कर्म द्वै भनिबक्सिन्छ ।
ती द्वैमा एक निश्चय गरी भन्नु जो श्रेय छ ॥१॥

भगवान्ले भन्नुभयो

संन्यास, कर्मयोग यी दुवै कल्याण गर्ने हुन् ।
ती द्वैमा कर्म-[१]संन्यासभन्दा योग[२] छ श्रेष्ठ झन् ॥२॥
त्यो सदा संन्यासी जान्नु, जो न द्वेष् इच्छा गर्दछ ।
त्यो [३]द्वन्द्व-हीन बन्धनबाट सजिलै छुट्छ ॥३॥
अज्ञानी सांख्य-योग् पृथक् भन्छन्, पण्डित भन्दैनन् ।
रास्त्ररी द्वैमा रहेका यौटै त्यो फल पाउँछन् ॥४॥
सांख्यले स्थान पाइन्छ जो त्यै योगले पाइन्छ ।
सांख्य र योग जो देख्छ एक त्यो जन देख्तछ ॥५॥
संन्यास प्राप्त गर्न ता पार्थ ! योग्-विना दुःख छ ।
योगले युक्त मुनि ता शीघ्र त्यो ब्रह्म पाउँछ ॥६॥
योगले युक्त शुद्धात्मा रोक्ने इन्द्रिय शरीर ।
सर्वात्मा आत्मा भएको गर्छ तापनि लिप्तिन्न ॥७॥
हेर्दछ सुन्छ सुङ्दछ छुन्छ खान्छ र हिड्दछ ।
बोल्दछ छोड्छ सास् फेर्छ सुत्छ पक्रन्छ चिम्लन्छ ॥८॥
उघार्छ यी काम् गर्छ तापनि स्वार्थमा इन्द्रिय ।
चल्दछन् यस्तो तत्त्ववित् संझी गर्दिन ठानोस ॥९॥
ब्रह्ममा कर्म अर्पेर नभै आसक्त गर्छ जो ।
जलले पद्म-पत्र झैं हुन्न पापले लिप्त त्यो ॥१०॥

Regmi Memorial Library Kathmandu काठमाण्डौ

हुँ यो अभिमान र स्त्री पुत्रादिमा ममता नगर्नु संन्यास हो, त्यै सांख्य हो ।
६. सबैको आत्मा मै हुँ ।

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥
युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥
सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥
न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥
नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥
ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥
तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥
विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥
इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः ॥१९॥
न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।
स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥
बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥
ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥
शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

१. अहंकार नभएका । २. मोक्ष । ३. धर्मादि संस्कार । ४. बाह्य विषयमा

शरीर मन बुद्धिले केवल्[1] इन्द्रियहरूले ।
त्यागेर संग काम् गर्छन् योगी मन्शुद्धि निम्तिले ॥११॥
छोडेर कर्म-फल् युक्त शान्ति नैष्ठि[2]को पाउँछ ।
फलमा लुब्ध सकामी फल-इच्छाले बाँधिन्छ ॥१२॥
मनले सबै त्यागेर फल नौढोके पूरमा ।
बस्तछ वशी नगराइ र नगरी सुखमा ॥१३॥
न कर्ता हुन्छ न कर्म गर्छ जनको ईश्वर ।
न कर्मफल चाहन्छ हुन्छ [3]स्वभावै प्रवृत्त ॥१४॥
कसैको पनि पाप वा धर्म लिँदैन जीव ता ।
मोहले ज्ञान ढाकियो भुल्छन् त्यसैले जन्तु ता ॥१५॥
ज्ञानले जस्को त्यो मन्को अज्ञान् गरियो विनाश ।
तिनको त्यो ज्ञान् सूर्य झैं गर्छ ब्रह्मको प्रकाश ॥१६॥
मन् बुद्धि निष्ठा ब्रह्ममा भाका ब्रह्ममै तत्पर ।
ज्ञानले नष्ट पाप ति जान्छन् आउन्नन् फर्केर ॥१७॥
नम्रता विद्या-सम्पन्न विद्वान् द्विज गो-हस्तीमा ।
चाण्डाल कुकुर्मा साम्य देख्ने हुन्छन् यो लोकमा ॥१८॥
जितियो सृष्टि तिनले जस्को मन् रह्यो साम्यमा ।
निर्दोषी ब्रह्म सम छ अतः ती रहे ब्रह्ममा ॥१९॥
ब्रह्ममा स्थित ब्रह्मज्ञ स्थिर-बुद्धि त्यो अमूढ ।
अप्रिय प्रिय पाउँदा खुशी राखिन्न नहोस ॥२०॥
असक्त बाह्य स्पर्शात्मा[4] जो सुख् आत्ममा पाउँछ ।
त्यो ब्रह्मयोगयुक्तात्मा[5] सुख अक्षय पाउँछ ॥२१॥
विषयोत्पन्न उत्पत्ति नाश हुने जो भोग छन् ।
तिनमा विद्वान् हुँदैन खुशी ती दुःखहेतु हुन् ॥२२॥
याहाँ नै मृत्यु पूर्व नै काम क्रोध्बाट जन्मेको ।
वेग् रोक्न सक्छ जो नर युक्त त्यो हो त्यो खुशी हो ॥२३॥

मन नभएको । ५. ब्रह्ममा मन लागेको ।

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥
लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥
कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥
स्पर्शान् कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥
भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मसंन्यासयोगो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

ॐ श्रीपरमात्मने नमः

अथ षष्ठोऽध्यायः

श्रीभगवानुवाच

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ॥ १ ॥
यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ।
न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन ॥ २ ॥

आत्मैमा सुख आराम आत्मै ज्योति जो भाको छ।
त्यो ब्रह्मरूप ज्ञानी ता ब्रह्मलीनता पाउँछ ॥२४॥

समग्र-प्राणी-हितमा रत भेदले रहित।
निष्पाप चित्त अधीन ऋषि पाउँछन् मुक्ति त ॥२५॥

आत्मज्ञ काम क्रोधले हीन मन् वश भएका।
योगीको ब्रह्मनिर्वाण हुन्छ चारैं नैं तर्फ ता ॥२६॥

बाहिरी भोग्य बाहिर गरी भ्रूबीच नेत्र दी।
नासान्तचारी[1] अपान पान समान गरी ती ॥२७॥

इन्द्रिय बुद्धि मन् वश भाको मोक्षमा तत्पर।
क्रोध् भय इच्छाले हीन जो छ त्यो सदा मुक्तै छ ॥२८॥

यज्ञ र तपको भोक्ता सबै लोकको ईश्वर।
मलाई जानी सबको सुहृत् शान्तिमा पुग्दछ ॥२९॥

इति कर्म संन्यास योगनाम पञ्चम अध्याय ॥५॥

अब छैटौं अध्याय

•

भगवान्‌ले भन्नुभयो

फलको इच्छा नगरी गर्छ कर्तव्य कर्म जो।
तेही हो योगी संन्यासी, कर्म नगर्ने ह्वैन त्यो ॥१॥

जसलाई भन्छन् संन्यास पार्थ योग हो त्यो जान।
संकल्प त्याग नगर्ने जन क्वै योगी हुँदैन ॥२॥

---

१. नाकको टुप्पो।

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥ ३ ॥
यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।
सर्वसंकल्पसंन्यासी योगारूढस्तदोच्यते ॥ ४ ॥

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥ ५ ॥
बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥ ६ ॥

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥ ७ ॥
ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥ ८ ॥
सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥ ९ ॥

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥
शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥
तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥
समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥
प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

---

१. योग (ध्यानयोग) मा चढ्न इच्छा गर्ने ।

कहिन्छ योगा[१]रूढेच्छु मुनिको कर्म कारण।
योगमा आरूढ् त्य सैको शान्ति कहिन्छ कारण ॥३॥
हुँदैन जब विषयभोग, कर्ममा आसक्त।
तब त सर्व संकल्प त्यागी योगारूढ् भनिन्छ ॥४॥
आत्माले[२] गरोस् [३]आत्माको उद्धार् ननासोस् आत्माको।
आत्माको बन्धु [४]आत्मै हो, आत्माको शत्रु आत्मै हो ॥५॥
आत्माले [५]आत्मा जितियो जस्ले त्यस्को त्यो बन्धु हो।
शत्रु झैं आत्मै त्यो शत्रु हुन्छ नजित्ने आत्माको ॥६॥
शीतोष्ण, सुख दुःखमा त्यस्तै मानापमानमा।
प्रशान्त चित्ताधीनको ब्रह्म रहन्छ ठीकमा ॥७॥
विज्ञान[६] ज्ञान[७] तृप्तात्मा जित-इन्द्रिय कूटस्थ।
मृत् शिला स्वर्णमा सम योगी युक्त यो कहिन्छ ॥८॥
उदासीन् बन्धु मध्यस्थ सुहृत् मित्रारि द्वेष्यमा।
सज्जन पापीमा सम बुद्धि श्रेष्ठ हो सबमा ॥९॥

क्यै नलि, तृष्णा त्यागेर एक्लै एकान्त बसेर।
लगाओस् मन आत्ममा नित्य इन्द्रिय रोकेर ॥१०॥
अत्युच्च नीच नपारी शुद्ध देशमा सुस्थिर।
कुश् चर्म वस्त्र बिच्छ्याइ आफ्नू आसन रचेर ॥११॥
त्यहाँ मन् गरी एकाग्र चित्त इन्द्रिय रोकेर।
मन् शुद्धि-निम्ति लगाओस् योग आसन्मा बसेर ॥१२॥

अचल सीधा ज्यू शिर घाटी पारेर भै स्थिर।
नहेरी कतै नासाग्र आफ्नू राम्ररी हेरेर ॥१३॥
प्रशान्तचित्त निर्भय ब्रह्मचर्यमा रहेर।
रोकेर मन मैमा दी चित्त मैमा होस् तत्पर ॥१४॥

२. देहेन्द्रिय रूप आत्माले। ३. जीवात्माको। ४. देहेन्द्रिय रूप आत्मा। ५. शास्त्रार्थ ज्ञान। ६. आत्मज्ञान। ७. विकार नहुने।

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः।
शान्ति निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥
नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः।
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥
युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥
यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥
यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥
यत्रोपरमते चित्तं निरुद्धं योगसेवया।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥
सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम्।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥
यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥
तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम्।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥
संकल्पप्रभवान् कामांस्त्यक्त्वा सर्वानशेषतः।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥
शनैः शनैरुपरमेद् बुद्ध्या धृतिगृहीतया।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥
यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम्।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥
प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम्।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

१. विषयसँग संयोग हुँदा भएका दुःखबाट छुट्कारा हुनुलाई।

यसरी सदा लाउने चित्त मन् रोक्ने योगी त्यो ।
पाउँछ श्रेष्ठ मोक्षरूप् शान्ति ममा भैरहेको ॥१५॥
न योग ज्यादै खानेको हुन्छ न निराहारीको ।
पार्थ ! न अति सुत्नेको हुन्छ न ता नसुत्नेको ॥१६॥
युक्त ठीक् खाने र डुल्ने युक्त, ठीक् चल्ने काममा ।
युक्त नै सुत्ने जाग्नेको हुन्छ योग त्यो दुःख[१] हा ॥१७॥
जब त वश गरेको चित्त आत्मैमा रहन्छ ।
तब त सबै भोगेच्छा-हीन त्यो युक्त कहिन्छ ॥१८॥
आत्ममा योग प्रयोग गर्ने मन् जित्ने योगीको ।
चल्दैन जस्तै निर्वात दीप उपमा त्यो भयो ॥१९॥
जुन् वेला योग-सेवाले रुद्ध मन् हट्छ[२] त्यै वेला ।
बुद्धिले आत्मा[३]हेर्दै नै हुन्छ आत्मामा तुष्ट ता ॥२०॥
बुद्धिले ग्राह्य इन्द्रियातीत जो अति सुख् छ त्यो ।
जान्दछ जस्मा रहेको चल्दैन तत्त्वबाट यो ॥२१॥
पाएर जुन त्योभन्दा बढी लाभ क्वै मान्दैन ।
रहेको जस्मा अधिक दुःखले पनि चालिन्न ॥२२॥
त्यस्लाई जानोस् दुःखको गर्ने नाश् योग नामको ।
अखिन्न मन्ले निश्चित्ले योग प्रयोग गर्नू त्यो ॥२३॥
संकल्पोत्पन्न अशेष सबै कामना त्यागेर ।
इन्द्रियहरू सर्वत्रबाट मनले खिचेर ॥२४॥
बिस्तारैसँग हटोस धैर्य-अधीन बुद्धिले ।
आत्मामा मन राखेर केई नसंझोस् चित्तले ॥२५॥
अस्थिर चल मन् जता जता बाहिर निस्कन्छ ।
त्यस्त्यसबाट रोकेर आत्मैमा वश पारोस ॥२६॥
निष्पाप शान्त मन् नष्टरज[३] ब्रह्मरूप् भएको ।
यो योगिलाई त हुन्छ प्राप्ति उत्तम सुखको ॥२७॥

२. कल्पनाबाट पैदा भएका । ३. रज-अहंकार ।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥
सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥
यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याऽहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥
सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥
आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

अर्जुन उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥
चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।
तस्याऽहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

श्रीभगवानुवाच

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥
असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

अर्जुन उवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥
कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥

१. सदा ब्रह्ममा मन लगाउनु आत्मयोग हो ।

यसरी सदा आत्म-योग्[1] कर्ता निष्पाप योगी ता ।
सुखले भोग्छ अत्यन्त ब्रह्म मिलेको सुक्ख ता ॥२८॥
सबैमा आत्म रहेको, सबै आत्ममा रहेको ।
देख्तछ योग-युक्तात्मा-सबैमा समदृष्टिको ॥२९॥
मलाई देख्छ सबैमा सबै ममा नै देख्छ जो ।
नाशिन्न त्यस्को म, मेरो पनि विनाश हुन्न त्यो ॥३०॥
सर्वत्र स्थित मलाई यौटै संझेर भज्छ जो ।
जे जस्तो कर्म गरोस मैमा रहन्छ योगी त्यो ॥३१॥
उपमा आफ्नै दिएर सुख वा दुःख सर्वत्र ।
जो देख्छ सम त्यो योगी पार्थ ! उत्तम मानिन्छ ॥३२॥

अर्जुनले भने

हे कृष्ण ! जो यो भनियो योग हजुर्ले साम्यले ।
यसको स्थिर देखिनँ स्थिति चञ्चल हुनाले ॥३३॥
मथन गर्ने चञ्चल ज्यादै बलवान् मन छ ।
वायुको जस्तै कठिन ठान्छु म त्यस्को निग्रह ॥३४॥

भगवान्‌ले भन्नुभयो

साँचै हो पार्थ ! सकिन्न रोक्न चञ्चल मन छ ।
अभ्यासले र वैराग्यताले अधीन गरिन्छ ॥३५॥
मन् नरोक्नेले दुर्लभ् छ योग यो मेरो बुद्धि छ ।
यत्नवान् [3]वशीले उपायले पाउन सकिन्छ ॥३६॥

अर्जुनले भने

श्रद्धा छ यत्न गर्दैन मन भ्रष्ट भो योग्बाट ।
त्यो योगसिद्धि नपाइ कुन गतिमा जान्छ त ॥३७॥
मूढ भै ब्रह्मप्राप्तिमा स्थित नभाको त्यो जन ।
उभय[4] भ्रष्ट भै छिन्न मेघ झैं के हो ? नाशिन्न ॥३८॥

---

१. ब्रह्मसँग मिलेको आनन्द । २. ब्रह्ममा मिलेको ।
३. इन्द्रिय स्वाधीन गर्नेले । ४. कर्ममार्ग ज्ञानमार्ग दुवैबाट ।

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

श्रीभगवानुवाच

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥
प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥
अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥
तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥
पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥
प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥
तपस्विभ्योऽधिको योगी
ज्ञानिभ्योऽपि मतोऽधिकः ।
कर्मिभ्यश्चाधिको योगी
तस्माद्योगी भवार्जुन ॥४६॥
योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान् भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे आत्मसंयमयोगो नाम षष्ठोऽध्यायः ॥ ६ ॥

कृष्ण ! यो मेरो काट्न छौ योग्य सम्पूर्ण संशय ।
तपाइँ भिन्न पाइन्न नाश गर्ने यो संशय ॥३९॥

भगवान्‌ले भन्नुभयो

त्यसको यहाँ परत्र पनि विनाश हुँदैन ।
कल्याण गर्ने कै पनि पार्थ ! दुर्गति जाँदैन ॥४०॥
गएर पुण्य गर्नेका लोक धेरै काल् बसेर ।
त्यो योग भ्रष्ट पवित्र धनी कुलमा जन्मन्छ ॥४१॥
अथवा ज्ञानी योगिकै कुल-भित्र[1] त्यो जन्मन्छ ।
लोकमा यस्तो जो जन्म हुन्छ[2] यो अति दुर्लभ् छ ॥४२॥
त्यहाँ[3] त्यो पूर्वदेहको बुद्धिसंस्कार पाउँछ ।
अनि ता फेरी सिद्धिमा पार्थ अभ्यास लाउँछ ॥४३॥
अवश्य[4] पनि त्यै पूर्वाभ्यासबाट त्यो खिचिन्छ ।
योगको जिज्ञासु[5] पनि शब्दब्रह्म त्यो नाघद्छ[6] ॥४४॥
यत्नले गर्ने अभ्यास नष्टपाप त्यो योगी ता ।
अनेक जन्म संसिद्धि जान्छ परम गतिमा ॥४५॥
तपस्वी ज्ञानी र कर्मीभन्दा पनि त अधिक ।
मानियो श्रेष्ठ योगि नै[7] पार्थ ! योगी हौ तिमी त ॥४६॥
सम्पूर्ण योगीहरूमा पनि मद्गत चित्तले ।
श्रद्धाले भज्ने मलाइ युक्त[8] मानियो त्यो मैले ॥४७॥

इति ध्यानयोग नाम षष्ठ अध्याय ॥६॥

---

१. दरिद्र ज्ञानी । २. दरिद्र ज्ञानीका कुलमा जन्म पाउनु । ३. त्यो देहमा । ४. विषयाऽधीन भएर स्वाधीन नभए पनि । ५. योगस्वरूप जान्न इच्छा गर्ने । ६. योग मार्गबाट भ्रष्ट भएकै बलले वेदविहित कर्मको फल भोग्दैन । ७. यहाँ योगीको अर्थ ज्ञानी हो, त्योभन्दा आत्मज्ञानी श्रेष्ठ । ८. श्रेष्ठ ।

अथ सप्तमोऽध्यायः

श्रीभगवानुवाच

मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥ १ ॥
ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥ २ ॥
मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥ ३ ॥
भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च।
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥ ४ ॥
अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम्।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥ ५ ॥
एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥ ६ ॥
मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥ ७ ॥
रसोऽहमप्सु कौन्तेय प्रभाऽस्मि शशिसूर्ययोः।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥ ८ ॥
पुण्यो गन्धः पृथिव्यां च तेजश्चाऽस्मि विभावसौ।
जीवनं सर्वभूतेषु तपश्चाऽस्मि तपस्विषु ॥ ९ ॥
बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम्।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥
बलं बलवतां चाऽहं कामरागविवर्जितम्।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

अब सातौं अध्याय

भगवान्ले भन्नुभयो

ममा दी चित्त म आधार् भा' को योग् गर्दै प्रयोग ।
जसरी सबै मलाई निश्चित् जान्नेछौ त्यो सुन ॥१॥
तिम्लाई भन्छु यो सबै ज्ञान विज्ञान-सहितै ।
जानेर यहाँ जो जान्न फेरी रहन्न बाँकी क्यै ॥२॥
सिद्धिका निम्ति हज्जारौं जन्म क्वै यत्न गर्दछ ।
यत्नवान् सिद्धमा पनि कुनै मलाई जान्दछ ॥३॥
भूमि अप् अग्नि वायु ख[1] मन अहंकार् बुद्धि त्यो ।
यी आठ प्रकार्ले विभाजित प्रकृति मेरी हो ॥४॥
अपरा यो हो प्रकृति अर्को जान छ मेरी जो ।
परा हो जीवरूपकी जस्ले बोकिन्छ जगत् यो ॥५॥
सम्पूर्ण भूत यी दुइबाट हुन्छन् यो विचार ।
म नै हूँ सबै जगत्को सृष्टि[2] लयको कारण ॥६॥
हे पार्थ ! छैन मदेखि अर्को परम कारण ।
यो सबै ममा धागामा मणि झैं गरि प्रोत छ[3] ॥७॥
जलमा म हूँ रस र चन्द्र सूर्यमा प्रकाश ।
वेदमा ॐ हूँ, व्योममा शब्द, नरमा पौरुष ॥८॥
भूमिमा म हूँ पवित्र गन्ध अग्निमा तेज हूँ ।
जीवन सबै भूतमा तप गर्नेमा तप हूँ ॥९॥
पुरानु बीज मैलाई जान समग्र भूतको ।
विद्वान्को बुद्धि म नै हूँ तेज तेजस्वी जनको ॥१०॥
काम र राग रहित बलवान्को म बल हूँ ।
भूतमा धर्म-विरुद्ध कुनै नहुने इच्छा[4] हूँ ॥११॥

---

१. आकाश । २. सृष्टि, नाश गर्ने मै हूँ । ३. उनिएको छ । ४. इच्छा हूँ ।

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥
त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥
दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥
न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥
चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥
तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥
उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥
बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥
कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥
यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥
स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान् मयैव विहितान् हि तान् ॥२२॥
अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान् देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

१. पदार्थका अधीनमा म छैन । २. ती पदार्थ मेरा अधीनमा छन् । ३. गुण-विकार या कार्य, अहंकार राग द्वेषहरूले मोहित भएको जन गुणदेखि पर

सात्त्विक राजस् तामस पनि पदार्थ जो जो छन् ।
ती जान हुन्छन् मबाटै तिन्मा[1] छैन ती ममा[2] छन् ।।१२।।
यी तीन गुणविकार[3] भाव मोहित यो जन ।
यी-देखि पर अव्यय यस्तो मलाई जान्दैन ।।१३।।
त्रिगुणी दैवी यी मेरी माया जित्न नै सकिन्नन् ।
जो पर्छन् मेरै शरण तिनै यिन्लाई जित्तछन्[4] ।।१४।।
मायाले ज्ञान हरेका अधम् आसुर स्वभाव ।
भएका मूढ कुकर्मी मेरो गर्दैनन् भजन ।।१५।।
धनार्थी दुःखी जिज्ञासु[5] ज्ञानी सुकर्म गर्ने यी ।
हे पार्थ ! चार प्रकार्का जन भज्दछन् मलाई ।।१६।।
तिनमा ज्ञानी एक्भक्ति नित्य युक्त नै श्रेष्ठ छ ।
ज्ञानीको ज्यादै प्रिय छु म ता मेरो त्यो प्रिय छ ।।१७।।
भक्त हुन् सबै यी, मेरै रूप ज्ञानी ता मानिन्छ ।
त्यो ज्ञानी भक्त उत्तमगति ममा नै रहन्छ ।।१८।।
अन्त्यमा धेरै जन्मका ज्ञानी मलाई पाउँछ ।
जान्दछ सबै वासुदेव् भन्ने त्यों ज्ञानी दुर्लभ् छ ।।१९।।
कामले[6] तो ती हृतज्ञान् आपना स्वभाव प्रेरिता ।
रहेर त्यै त्यै नियम्मा पुज्छन् अरू नै देवता ।।२०।।
श्रद्धाले जो जो भक्त ता जो जो देव् पूज्न चाहन्छ ।
त्यस्त्यस्को त्यै त्यै त्यो श्रद्धालाई म गर्छु अचल ।।२१।।
त्यो तेई श्रद्धा लिएर त्यस्को पूजन गर्दछ ।
त्योद्वारा मैले नै देका भोगहरू ती भोग्दछ ।।२२।।
ती अल्पबुद्धिहरूको हुन्छ त्यो फल नाशवान् ।
देवको पुज्ने देवता मेरो पूजक मै हुन्छन् ।।२३।।

रहेका (निर्गुण) मलाई जान्दैन । यी वशमा राख्छन्, मायाधीन हुँदैनन् । ४. धनको इच्छा गर्ने । ५. भगवान्लाई यथार्थ जान्न इच्छा गर्ने । ६. स्त्री पुत्रादि विषयका इच्छाले ।

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥
नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥
वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥
इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।
सर्वभूतानि सम्मोहं सर्गे यान्ति परंतप ॥२७॥
येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥
जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥
साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादेऽर्जुनविषादयोगो
नाम सप्तमोऽध्यायः ॥७॥

अथाऽष्टमोऽध्यायः

अर्जुन उवाच

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥ १ ॥

अनाशि श्रेष्ठ अव्यक्त[1] मेरा परम तत्त्वको ।
न जान्ने बुद्धिहीनता ठान्छन् मलाई जन्मेको ॥२४॥
गुप्त छु योगमायाले व्यक्त सबैको म छैन ।
यो मूढ लोक अनाशि अज मलाई जान्दैन ॥२५॥
जान्दछु म ता बीतेका वर्तमानका सम्पूर्ण ।
भविष्य प्राणी पनि ता कोई मलाई जान्दैन ॥२६॥
इच्छा र द्वेष्ले उत्पन्न [2]द्वन्द्व मोहले भारत ।
समग्र भूत सृष्टिमा हुन्छन् न जान्ने अत्यन्त ॥२७॥
सुकर्म[3] गर्ने जनका जस्का पाप् नष्ट भैसक्छन् ।
ती दृढव्रत[4] द्वन्द्वले मुक्त मलाई भज्दछन् ॥२८॥
जो जरा मृत्यु मोक्षार्थ मेरो ली आधार् गर्दछन् ।
यत्न ती ब्रह्म त्यो सबै कर्म अध्यात्म जान्दछन् ॥२९॥
जो अधिभूताधिदैव यज्ञ साथै नै मलाई ।
जान्दछन् युक्तचित्त ती अन्त्यमा पनि मलाई ॥३०॥

इति ज्ञानविज्ञानयोगो नाम सप्तमाऽध्यायः

अब आठौं अध्याय

अर्जुनले भने

त्यो ब्रह्म के हो, अध्यात्म के हो, कर्म के भनिन्छ ।
के अधिभूत भनियो अधिदैव के भनिन्छ ॥१॥

१. प्रत्यक्ष नहुने । २. सुख र दुःख । ३. पुण्यकर्म नगरी पाप नाश हुँदैन त्यसैले पुण्यकर्म गरेर, पाप नष्ट भएका । ४. व्रतले नियम आचारहरूलाई कहन्छ; यहाँको अर्थ भगवान्मा दृढ निश्चय भएको भन्ने हो ।

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन् मधुसूदन ।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥ २ ॥

श्रीभगवानुवाच

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ॥ ३ ॥

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥ ४ ॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥ ५ ॥

यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवेति कौन्तेय सदा तद्भावभावितः ॥ ६ ॥

तस्मात् सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥ ७ ॥

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥ ८ ॥

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरूप-
मादित्यवर्णं तमसः परस्तात् ॥ ९ ॥

प्रयाणकाले मनसाचलेन
भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैति दिव्यम् ॥ १० ॥

---

१. ब्रह्मको रूप । २. प्राणीहरूको कल्याणका निम्ति यज्ञ, दान, तपस्या आदि उत्पन्न गर्ने । ३. पुरुष शब्दले ब्रह्मा, प्रजापति, हिरण्यगर्भ, सूत्रात्मा

कुन हो यहाँ देहमा अधियज्ञ त्यो कसरी ।
जनले अन्त्यकालमा जानिनुहुन्छ कसरी ॥२॥

भगवान्ले भन्नुभयो

अनाशि परं ब्रह्म हो, जीव स्वभाव[1] कहिन्छ ।
भूतको भाव[2] जनक सर्ग ता कर्म कहिन्छ ॥३॥

विनाशी वस्तु हो अधिभूत, अधिदैव्[3] पुरुष ।
म नै हूँ यस देहमा अधियज्ञ[4] ता कौन्तेय ! ॥४॥

अन्त्यमा स्मृति मैलाइ गर्दै शरीर छोडेर ।
जो जान्छ मेरै रूप् हुन्छ यस्मा छैन क्वै संशय ॥५॥

अन्त्यमा जो जो संझदै वस्तु शरीर छोड्दछ ।
नित्य त्यै वस्तु स्मृतिले त्यै त्यै भावमा पुग्दछ ॥६॥

त्यसैले नित्य मलाई संझ रण् पनि यो गर ।
मन् बुद्धि ममा अर्पेर मैमा जानेछौ निश्चय ॥७॥

अभ्यास योगले युक्त अन्त नजाने चित्तले ।
परम नित्य ब्रह्ममा जान्छ वारंवार् स्मृतिले ॥८॥

बीतेको देख्ने पुरानु शास्ता[5] सूक्ष्ममा सुसूक्ष्म ।
अचिन्त्यरूप सबैको गर्ने पालन पोषण ॥
सूर्यको जस्तो भएको वर्ण अविद्यादेखि त्यो ।
रहेको पर त्यसलाई गर्दै चिन्तन जन जो ॥९॥

अन्त्यका वेला भक्तिले युक्त भएको मानिस ।
अचल मन्ले र फेरि योगबलले पनि त ॥
रात्नरी भ्रूका मध्यमा प्राण राखेर दिव्य त्यो
परम ब्रह्ममा प्राप्त हुन्छ योगमा लागेको ॥१०॥

इत्यादि नाम भएका व्यक्ति कहिन्छन् । ४. ब्रह्मप्राप्त हुने यम, नियम, आचार अथवा साधनामा रहनु । ५. शासन गर्ने ।

यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वीतरागाः।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

ओमित्येकाक्षरं ब्रह्म व्याहरन् मामनुस्मरन्।
यः प्रयाति त्यजन् देहं स याति परमां गतिम् ॥१३॥

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥१४॥

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ॥१८॥

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

---

१. ममा मिलेर। २. हाम्रा सत्य, त्रेता, द्वापर, कलि यी युगको महायुग, हज्जार महायुगको ब्रह्माको एक दिन र त्यत्तिकै एक रात हुन्छ। ३. हाम्रा एक वर्षको

वेदवित् विद्वान् जस्लाई भन्छन् अक्षर भनेर
रागले हीन योगी ता पस्छन् जसमा गएर।
रहन्छन् ब्रह्मचर्यमा[1] इच्छा जसको गरेर
त्यो पद भन्छु म तिमीलाई संक्षेप गरेर ॥११॥

हृत्भित्र मन रोकेर सबै द्वार् बन्द गरेर।
शिरमा प्राण राखेर समाधियोग लिएर ॥१२॥

ॐ एकाक्षर यो ब्रह्म जप्तै मलाई संझदै।
त्यागेर देह जो जान्छ परंगतिमा जान्छ त्यै ॥१३॥

एकाग्र भई मलाई बारम्बार जो संझन्छ।
त्यो नित्य युक्त योगिको पार्थ ! म हुन्छु सुलभ ॥१४॥

पुगेर मखा परमसिद्धिमा प्राप्त भएका।
महात्मा फेरि पाउन्नन् नाशि दुःखि त्यो जन्म ता ॥१५॥

हे पार्थ फेरी फर्कन्छन् लोक ब्रह्माजी पर्यन्त।
पुगेर[2] मखा ता फेरि जन्म हुँदैन कौन्तेय ॥१६॥

ब्रह्माको[3] चार हज्जार युगको हुन्छ एक् दिन।
त्यत्तिकै हुन्छ रात् पनि भन्छन् दिनरात्वित् जन ॥१७॥

त्यो दिन हुँदा अव्यक्तबाट[4] जन्मन्छन् व्यक्ति ती।
हुँदा ता रात त्यै अव्यक्तमा प्रलीन हुन्छन् ती ॥१८॥

अवश[5] तेई भूतको ग्राम[6] भएर भएर।
आउँदा रात प्रलीन हुन्छ, दिनमा जन्मन्छ ॥१९॥

अव्यक्तदेखि अर्को छ पर अव्यक्त भाव त्यो।
सम्पूर्ण भूत नाशिदा पनि हुँदैन[7] नाश जो ॥२०॥

देवताको अहोरात्र हुन्छ। ४. प्रकृतिबाट। ५. धर्माधर्मको अधीन भएको यसैले अवश भनेको हो। ६. समूह। ७. ब्रह्म र मूल प्रकृति प्रत्यक्ष हुँदैनन् कार्यबाट छन् भन्ने जानिन्छ, यसैले दुवै अव्यक्त कहिन्छन्।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥
पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥
यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥
अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥
धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥
शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥
नैते सृती पार्थ जानन् योगी मुह्यति कश्चन ।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥
वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे अक्षरब्रह्मयोगो
नामाऽष्टमोऽध्यायः ॥८॥

अव्यक्त अक्षर् भनियो परा गति त्यै भन्दछन् ।
त्यो मेरो परं धाम हो पाई जस्लाई फर्कन्नन् ॥२१॥

अनन्य भक्तिले हुन्छ पर पुरुष प्राप्त त्यो ।
भूत छन् भित्र जसका जस्ले यो जगत् ढाकियो ॥२२॥

जसमा मर्दा फर्कन्छन् योगी जसमा फर्कन्नन् ।
भन्नेछु काल त्यो तिमीलाई हे पार्थ जो जो हुन् ॥२३॥

अनल[1] ज्योति दिन् शुक्ल[2] उत्तरायण[3] छः मैह्ना ।
तिनमा गाका ब्रह्मज्ञ जन जान्छन् ती ब्रह्ममा ॥२४॥

धूम र रात्रि कृष्ण र [4]दक्षिणायन छः मैह्ना ।
तिनमा योगी फर्कन्छ पुगेर चान्द्र ज्योतिमा ॥२५॥

शुक्ल र कृष्ण यी नित्य गति जगतका मानिए ।
फर्कन्न यौटा मार्गले जाने फर्कन्छ अर्कोले ॥२६॥

यी मार्ग जान्ने क्वै पनि योगी पर्दैन मोहमा ।
त्यसैले पार्थ हौ योगयुक्त सबै नै कालमा ॥२७॥

वेद यज्ञ तप दानमा पुण्य फल जो कहियो ।
जानेर यो त्यो [5]सब् नाघ्छ आद्य परं स्थान् पुग्छ त्यो ॥२८॥

इति अष्टम अध्याय

१. अग्नि । २. शुक्लपक्ष । ३. माघे संक्रान्तिदेखि ६ महीना उत्तरायण । ४. साउने संक्रान्तिदेखि ६ महीना दक्षिणायन हुन्छ । ५. यज्ञादि गरेको कर्म ज्ञान भएपछि भोग्नुपर्दैन त्यसैलाई नाघ्छ भनेको ।

अथ नवमोऽध्यायः

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परंतप ।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥४॥
न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥
यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥
सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥
प्रकृतिं स्वामवष्टभ्य निसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥
न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥
मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

१. शास्त्रको ज्ञान । २. आत्मज्ञान । ३. मर्नु जन्मनु नै संसारमार्ग ।

अब नवौं अध्याय

भगवान्ले भन्नुभयो

यो तिमीलाई अत्यन्त गुह्य विज्ञान[1] सहित ।
भन्नेछु ज्ञान[2] जानेर जुन छुट्नेछौ पाप्‌बाट ॥१॥
विद्यामा राजा गुह्यमा राजा पवित्र श्रेष्ठ यो ।
अनाशि सुख गर्ने यो धर्म्म प्रत्यक्ष ज्ञान हो ॥२॥

नगर्ने यस धर्मको श्रद्धा पुरुष मलाई ।
नपाई मृत्यु संसार मार्गमा[3] फिर्छन् दुख् पाई ॥३॥

अव्यक्त मूर्ति मैले यो जगत् सबै नै व्याप्त छ ।
सब् भूत ममा रहन्छन् तिन्मा रहेको छैन म ॥४॥
न ममा भूत रहन्छन् हेर यो मेरो योगेश्वर[4] ।
भूतभृत्[5] छैन भूतमा, मेरो आत्मा भूत रचतछ ॥५॥
आकाशबाट उत्पन्न भाको चारने सर्वत्र ।
त्यो महान् वायु नित्य नै जस्तै व्योम मै रहन्छ ॥६॥
त्यसै नै गरी मबाट पैदा भएका समग्र ।
यी भूत ममा रहन्छन् नित्य पार्थ ! यो विचार ॥७॥
कल्पान्त हुँदा सम्पूर्ण प्राणी मेरी ती मायामा ।
जान्छन् म फेरी तिन्लाई रच्छु कल्पको आदिमा॥८॥
कर्मका वश स्वतन्त्र हीन यो भूत-समूह ।
प्रकृति आफ्नी लिएर सृष्टि गर्दछु बार्बार ॥९॥
उदास भई रहने तिनी कर्ममा असक्त ।
मलाई पार्थ ! ती कर्म बाँध्न हुँदैनन् समर्थ ॥१०॥

४. ईश्वरको योगमायाको चमत्कार । ५. भूत धारण गर्छु, कर्णको विषय मात्र भएका निराकार मैले ।

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥
मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥
महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥
सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥
ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥
अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥
पिताहमस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्रमोंकार ऋक्साम यजुरेव च ॥१७॥

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥
तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥
त्रैविद्या मां सोमपाः पूतपापा
यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोक-
मश्नन्ति दिव्यान्दिवि देवभोगान् ॥२०॥

ते तं भुक्त्वा स्वर्गलोकं विशालं
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।

---

१. मानिसको शरीर लिएका । २. सबै एक ब्रह्म संझेर । ३. विष्णु आदि देवतालाई भिन्न-भिन्न मानेर । ४. सबैको आधार । ५. कर्मको फल ।

म नेता द्वारा प्रकृति चराचर् पैदा गर्दछ ।
यै हेतुले नै जगत्को परिवर्तन ह्वैरन्छ ॥११॥
न जान्ने मेरो परमतत्त्व मूढ ता नृदेह ।
आश्रित[1] भूत महेश मेरो गर्दछन् हेलन ॥१२॥
मोहक राक्षस्-आसुर भाव गरेका आश्रय ।
ती हुन्छन् आशा कर्म र ज्ञान वृथाका चञ्चल ॥१३॥
मलाई पार्थ ! प्रकृति दैवी आश्रित सज्जन ।
अव्यय भूतादि जानि भज्छन् अचल पारी मन् ॥१४॥
कीर्तन यत्न नमस्कार् नित्य गर्ने दृढ् निश्चय ।
नित्य भै युक्त मलाइ भज्छन् भक्तिले अनन्य ॥१५॥
कुनै ता ज्ञान-यज्ञले एक[2] र धेर रूपले[3] ।
सर्वत्रमुखे मलाई पुज्छन् अनेक प्रकार्ले ॥१६॥
म स्मार्त श्रौत कर्म हुँ, स्वधा, औषधी म नै हुँ ।
म नै हुँ मन्त्र, घृत हुँ, अग्नि हुँ, हुत पनि हुँ ॥१७॥
यो लोकको पिता र पितामह माता र धाता हुँ ।
पवित्र वेद्य ॐकार यजु ऋक् साम वेद हुँ ॥१८॥
निवास[4] गति[5] शरण सुहृत् स्वामीश भर्ता म ।
उत्पत्ति लय निधान[6] स्थान अनाशि बीज म ॥१९॥
म गर्छु ताप वर्षाद खिच्छु छोड्दछु पनि म ।
हे पार्थ ! मृत्यु अमृत असत् सत् पनि सबै म ॥
वेदवित्[7] सोमपानले नष्ट पाप् भाका मलाई ।
यज्ञले पूजा गरेर गर्छन् प्रार्थना स्वर्लाई[8] ॥२०॥
पुण्यको फल-स्वरूप स्वर्ग पाएर ती जन ।
स्वर्गमा दिव्य देवका भोग भोग्छन् भै आनन्द ॥

---

६. खानि, प्राणीले गरेको शुभाशुभ राख्ने ठाउँ । ७. ऋक्, यजु, साम, अथर्व ४ वेद जान्ने । ८. स्वर्ग ।

एवं त्रयीधर्ममनुप्रपन्ना
गतागतं कामकामा लभन्ते ॥२१॥
अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥
येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥
अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥
यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम्॥२५॥
पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥
यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥
शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥
समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥
अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥३१॥
मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

१. वेदले बताएका कर्मफलको इच्छा गर्ने । २. जन्ममरण । ३. अप्राप्तिको

स्वर्गको महान् त्यो भोग भोगेर तिनी बस्तछन्
पुण्यको क्षीण भैसकेपछि नृलोक पस्तछन् ॥२१॥
यसरी श्रुतिधर्मानुयायी[1] विषय चाहने।
मनुष्यहरू ता हुन्छन् आवागमन[2] पाउने ॥२२॥
अरूको चिन्तन् नगरी मेरै गर्छन् जो भजन।
ती नित्य भज्नेहरूको गर्छु योग[3] र क्षेम[4] म ॥२३॥
जो भक्त अरू देवतालाई श्रद्धाले पुज्दछन्।
ती पनि विधि नजानि पार्थ ! मैलाई पुज्दछन् ॥२४॥

म नै हुँ सबै यज्ञको भोक्ता[5] मालिक पनि म।
मलाई जान्दैनन् यथार्थ ती यसैले गिर्छन ॥२५॥
पितृका भक्त पितृ नै, देव-भक्त ती देव नै।
भूतका भक्त भूत नै हुन्छन्, मद्भक्त हुन्छन् मै ॥२६॥

भक्तिले पत्र फल वा पुष्प मलाई दिन्छ जो।
भक्तिले देको शुद्धात्म जन्को म खान्छु चीज त्यो ॥२७॥
जो गर्छौ खान्छौ हवन गर्छौ गर्दछौ दान जो।
जो गर्छौ तप हे पार्थ ! ममा अर्पण गर त्यो ॥२८॥
यो गर्दा पुण्य पाप् फल, कर्मबन्धन्ले छुट्नेछौ।
संन्यासयोग लिएर मुक्त भै ममा जानेछौ ॥२९॥
एकै छु सबै भूतमा मेरो क्वै छैन मित्रारि[6]।
भक्तिले भज्छन् मलाइ जो म तिन्मा छु ममा ती ॥३०॥

दुरात्मा पनि भै एकचित्त मलाई भज्छ जो।
त्यो मान्नुपर्छ साधु नै तथ्य निश्चययुक्त त्यो ॥३१॥
गरेर मेरो आश्रय पाप योनिका जो हउन्।
स्त्री वैश्य शूद्र ती पनि परंगति त्यो पाउँछन् ॥३२॥

प्राप्ति। ४. प्राप्ति भए पदार्थको रक्षा। ५. देवतारूपले भोग गर्ने र कर्मको फल दिने। ६. शत्रु-मित्र।

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥
मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे राजविद्याराजगुह्य-

योगो नाम नवमोऽध्यायः ॥९॥

अथ दशमोऽध्यायः

श्रीभगवानुवाच

भूय एव महाबाहो श‍ृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥
न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥
यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥
बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥
अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥
महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

के भन्नु फेरी पुण्यात्मा विप्र राजर्षि भक्त त ।
यो नाशी दुःखी पाएर देह मलाई भज त ।।३३।।
मच्चित्त भक्त हौ पूज मलाइ गर लौ नमस्कार् ।
यसरी [1]आत्मयोगले मैमा जानेछौ मत्पर[2] ।।३४।।

इति नवम अध्याय

अब दशौं अध्याय

भगवान्ले भन्नुभयो

हे पार्थ ! फेरी सुन यो मेरो उत्तम वचन ।
भन्नेछु प्रिय तिम्लाइ हित इच्छाले म जुन ।।१।।
न मेरो जन्म महर्षि न ता जान्दछन् द्यौगण ।
महर्षि देव सबैको म नै प्रथम कारण ।।२।।
मलाई लोक-महेश अज अनादि बुझ्छ जो ।
छुट्तछ सब पाप्बाट नरहरूमा ज्ञानी त्यो ।।३।।
बुद्धि र ज्ञान विवेक क्षमा सत्यता दम [3]शम ।
सुख र दुःख उत्पत्ति लय भय र अभय ।।४।।
अहिंसा [4]सम दान् तुष्टि तप सुकीर्ति दुष्कीर्ति ।
विभिन्न भूतका उक्त भाव म-बाटै हुन्छन् ती ।।५।।
महर्षि [5]सप्त पूर्वज[6] चार त्यस्तै नै मनु[7] ती ।
जन्मिए मेरा मन्बाट जस्का लोकमा प्रजा यो ।।६।।

१. पानी नचल्ने योनि । २. वाह्य इन्द्रिय रोक्नु । ३. मन रोक्नु । ४. समानता । ५. भृगु, मरीचि, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ—यी सात महर्षि । ६. प्रथम उत्पत्ति भएका—सावर्णि, धर्मसावर्णि, दक्षसावर्णि, सावर्ण यी चार सावर्ण भनिन्छन् । ७. मनु जम्मा १४ हुन्छन् ।

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥
अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥
मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥
तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम्।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥
तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भवान्।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥
आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥
सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥
स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम।
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥
वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥
कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन्।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥
विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन।
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

जान्दछ जो यो यथार्थ मेरो विभूति योग त ।
त्यो हुन्छ स्थिरयोगले युक्त याँ छैन संशय ॥७॥
म नै हुँ सबै जगत्को हेतु मैबाट चल्दछन् ।
मलाई यस्तो जानेर विद्वान् भक्तिले भज्दछन् ॥८॥
मन् प्राण ममा अर्पेका बोध गर्ने ती आपुस्मा ।
मलाई भज्दै सन्तुष्ट हुन्छन् गर्दछन् रमणा ॥९॥
प्रेमले नित्य भजन गर्ने सुभक्तलाई ती ।
त्यो बुद्धियोग म दिन्छु पुग्छन् जसले ममा ती ॥१०॥
तिनैका कृपा निमित्त मोह उत्पन्न त्यो तम ।
बुद्धिमा बसी प्रदीप्त ज्ञान-दीपले नाश्छु म ॥११॥

अर्जुनले भने

परम ब्रह्म परंधाम् परं पवित्र हजूर ।
तपाईंलाई समग्र ऋषि देवर्षि नारद ॥१२॥
असित व्यास देवल भन्छन् शाश्वत पुरुष ।
आदिदेव् अज विभु यो आफै पनि ह्वबक्सिन्छ ॥१३॥
जो भन्नुहुन्छ मलाइ सबै यो सत्य मान्छु म ।
हजुर्को जन्म जान्दछन् न ता देव न दानव ॥१४॥
तपाइँ स्वयं आत्मले आत्मको जानिबक्सिन्छ ।
हे भूतपिता ! भूतेश[1] ! देवेश ! लोकमालिक ! ॥१५॥
आफ्ना ती दिव्य विभूति भन्न योग्य ह्वबक्सिन्छ ।
हजुर्ले जुन भूतिले लोक ढाकेर रहिन्छ ॥१६॥
हजुरलाई कसरी नित्य संझेर जानौं म ।
कुन्कुन वस्तुमा[2] मैले स्मृति योग्य ह्वबक्सिन्छ ॥१७॥
विस्तार्ले आफ्नू विभूतियोग फेरी हे पुरुष !
भन्नुहोस् अमृत सुनेर मेरो छैन है सन्तोष ॥१८॥

१. भूतको मालिक । २. इन्द्रादि रूपमा ।

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥
अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥
आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥
वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥
रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥
पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥
महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥
अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥
उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥
आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥
अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥
प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

भगवान्‌ले भन्नुभयो

लौ हुन्छ दिव्य विभूति मेरा प्रधान प्रधान।
भन्नेछु अन्त्य विस्तार्को छँदै छैन हे अर्जुन ॥१९॥
पार्थ ! म सब भूतका अन्त[1] रहेको आतमा हुँ।
भूतको आदि अन्त्य र मध्य पनि त म नै हुँ ॥२०॥
आदित्यमध्ये विष्णु हुँ ज्योतिहरूमा चन्द्र हुँ।
वायुमा म हुँ मरीचि ताराहरूमा चन्द्र हुँ ॥२१॥
वेदमा म हुँ त्यो सामवेद देवमा इन्द्र हुँ।
इन्द्रियमध्ये मन हुँ, भूत–चेतना म नै हुँ ॥२२॥
रुद्रमा म हुँ शंकर कुबेर् हुँ यक्ष रक्षमा।
वसुमा म हुँ पावक, अद्रिहरूमा मेरु हुँ ॥२३॥
मलाई पुरोहितमा जान प्रधान गुरु[2] हुँ।
स्कन्द हुँ सेनापतिमा, सरहरूमा[3] सिन्धु[4] हुँ ॥२४॥
महर्षिमध्ये भृगु हुँ म ता वाणीमा ॐकार।
यज्ञमा म हुँ त्यो जपयज्ञ स्थावर्मा हिमाल ॥२५॥
नारद देवऋषिमा सर्ववृक्षमा पिप्पल।
गन्धर्वमध्ये हुँ चित्ररथ सिद्धमा कपिल ॥२६॥
अश्वमा जान अमृतोत्पन्न उच्चैःश्रव् मलाई।
हात्तीमा जान ऐरावत् नरमा राजा मलाई ॥२७॥
शस्त्रमा म हुँ वज्र र धेनुमा कामधेनु म।
सर्पमा म हुँ वासुकि पैदा गर्नेमा काम[5] म ॥२८॥
नागमा म हुँ अनन्त जलचरमा वरुण।
पितृमा म हुँ अर्यमा, दण्ड दिनेमा यम म ॥२९॥
दैत्यमा म हुँ प्रह्लाद, गन्ती गर्नेमा काल[6] हुँ।
मृगमा म हुँ सिंह र पक्षीहरूमा गरुड् हुँ ॥३०॥

१. भित्रकै हृदयाकाशमा। २. देवगुरु बृहस्पति। ३. तलाउ। ४. समुद्र। ५. कामदेव। ६. दिन-रात।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥
सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥
अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥
मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥
बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥
द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥
वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥
दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥
यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥
नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥
यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥
अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां

योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विभूतियोगो

नाम दशमोऽध्यायः ॥१०॥

पवित्र गर्नेमा वायु, शस्त्रधारीमा राम म ।
माछामा म हुँ मकर[1] नदीहरूमा गङ्गा म ॥३१॥
सृष्टिको आदि, अन्त र मध्य म नै हुँ अर्जुन ।
विद्यामा म हुँ अध्यात्मविद्या[2] विवादमा वाद[3] म ॥३२॥
वर्णमा म हुँ मकार समास्हरूमा द्वन्द्व हुँ ।
अनाशी काल म नै हुँ सर्वमुख[4] म ब्रह्मा हुँ ॥३३॥
मृत्यु हुँ सब नाश् गर्ने हुनेको जन्म-हेतु म ।
नारीमा कीर्ति श्री धृति स्मृति वाक् क्षमा मेधा म ॥३४॥
साममा त्यस्तै म बृहत्साम गायत्री छन्दमा ।
मैन्हामा म हुँ मङ्सीर, म हुँ वसन्त ऋतुमा ॥३५॥
जूवा हुँ छल गर्नेमा, तेजीहरूमा तेज हुँ ।
निश्चय म हुँ जय हुँ सात्त्विक्हरूमा सत्त्व हुँ ॥३६॥
वृष्णिमा वासुदेव म, पाण्डवमा धनञ्जय म ।
मुनिमा पनि म वेदव्यास, कविमा शुक्र म ॥३७॥
दण्ड हुँ दम गर्नेमा जय इच्छुमा नीति हुँ ।
गुह्यमा मौन म नै हुँ ज्ञानीहरूको ज्ञान हुँ ॥३८॥
बीज छ सबै भूतको जो त्यो म नै हुँ अर्जुन !
म-विना कुनै चराचर् जगत् जो होला त्यो छैन ॥३९॥
अन्त्य नै छैन यी मेरा दिव्यविभूति कहेर ।
संक्षेप्ले मैले गरियो यो ता विभूति विस्तार ॥४०॥
जो जो छन् शोभा ऐश्वर्य शक्तिले युक्त भएका ।
ती ती हुन् मेरा तेजोंशबाट उत्पत्ति भएका ॥४१॥
अथवा धेरै जानेर यस्ले प्रयोजन् के छ र ।
रहन्छु एकै अंशले सबै यो जगत् ढाकेर ॥४२॥

इति दशम अध्यायः ॥१०॥

१. मकर नाम भएको माछो । २. ब्रह्मविद्या । ३. यथार्थ कुरा । ४. चारैतिर मुख भएको ।

अथैकादशोऽध्यायः

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥
भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥
एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३॥
मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

श्रीभगवानुवाच

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥
पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥
इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥
न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

संजय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥
अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

अब एघारौं अध्याय

●

अर्जुनले भने

कृपार्थ मेरै परम गुह्य अध्यात्म नामको ।
भन्नुभो बाणी जो गयो मेरो त्यसले मोह यो ।।१।।
तपाइँबाट भूतको मैले विस्तार-पूर्वक ।
उत्पत्ति लय सुनियो माहात्म्य पनि अव्यय ।।२।।
यसरी जस्तो तपाइँ गर्नुहुन्छ स्ववर्णन ।
चाहन्छु हेर्न हजुर्को रूप ऐश्वर माधव ! ।।३।।
मैले त्यो हेर्न सकिन्छ भन्नुहुन्छ यो भने त ।
अव्यय रूप मलाइ दर्शन् गराइबक्स्योस ।।४।।

भगवान्ले भन्नुभयो

ती नानाविध र नाना वर्ण आकार भएका ।
सैकड़ौं हज्जारौं रूप हेर हे पार्थ ! तिमी ता ।।५।।
आदित्य[१] वसु[२] रुद्र[३] र त्यस्तै वायु[४] ती अश्विनी[५] ।
अदृष्टपूर्व[६] आश्चर्य धेरै हेर लौ यी पनि ।।६।।
एकत्र मेरा यै देहस्थित चराचर् जगत् यो ।
सब् हेर ऐले चाहन्छौ अरू जो हेर्न हेर त्यो ।।७।।
मलाई हेर्न यिनै नै आपना नेत्रले सक्तौन ।
ऐश्वर मेरो योग् हेर दिन्छु म दिव्य नयन ।।८।।

सञ्जयले भने

अनि ति महायोगेश कृष्णले यस्तो भनेर ।
देखाइदिए अर्जुनलाई विराटस्वरूप ।।९।।
अनेक मुख नयन नाना आश्चर्य दृश्यका ।
अनेक दिव्य भूषण नाना शस्त्रास्त्र लिएका ।।१०।।

१. १२ सूर्य र अदितिका पुत्र । २. अष्ट ८ वसु र एघार रुद्र । ३. ४९ वायु । ४. (२) अश्विनीकुमार ।

दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥
दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥
तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

ततः स विस्मयाविष्टो हृष्टरोमा धनंजयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

अर्जुन उवाच

पश्यामि देवांस्तव देव देहे
सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थ-
मृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥
अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर विश्वरूप ॥१६॥
किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥
त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

पैह्लेको दिव्य माला र वस्त्र सुगन्धलेपन ।
अनन्त सबै आश्चर्यमय सर्वत्र वदन ।।११।।
व्योममा यदि एक्‌बार हज्जार् सूर्यको प्रकाश ।
निस्के ता होला ती महात्माको द्युतिको सदृश ।।१२।।
त्यो वेला देखे कृष्णका तेई देहमा पार्थले ।
एकस्थ सबै संसार भिन्न[1] अनेक प्रकारले ।।१३।।
फेरी ती छक्क रोमाञ्च-युक्त पार्थले देवको ।
शिरले गरी प्रणाम हात जोडेर भने यो ।।१४।।

अर्जुनले भने

हजुर्का देव ! देहमा द्यौता त्यस्तै नै सम्पूर्ण
अनेक भूतहरूका संघ पद्मको आसन ।
गरेर बस्ने ब्रह्माजीलाई र अनि शंकर
ऋषि र दिव्य समग्र सर्प देख्तछु झल्झल ।।१५।।
अनेक बाहु उदर[2] मुख नयन सर्वतः
भएको कैयौं रूपको देख्छु हजुरलाई त ।
हजुर्को फेरि न अन्त्य देख्छु न मध्य देख्तछु
हे विश्वेश्वर ! हे विश्वरूप न आदि देख्तछु ।।१६।।
किरीटधारी हातमा गदा र चक्र लिएको
तेजको राशि सर्वत्र घप्-घप् त्यो दीप्ति भएको ।
प्रदीप्त अग्नि सूर्यको जस्तो सर्वत्र प्रकाश
भएको देख्छु तपाईंलाई हेर्न नै अशक्य ।।१७।।
तपाईं परं अक्षर[3] जान्न योग्य ह्वैबक्सिन्छ
तपाईं यस विश्वको ठूलो खानि ह्वैबक्सिन्छ ।
अनाशी नित्य धर्मको गोप्ता नै होइबक्सिन्छ
हजूर मैले मानिनुहुन्छ पुरानु[4] पुरुष ।।१८।।

१. पैले नदेखिएको । २. पेट । ३. ननाशिने । ४. सदा हुने ।

अनादिमध्यान्तमनन्तवीर्य-
मनन्तबाहुं शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥
द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥
अमी हि त्वां सुरसङ्घा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥
रुद्रादित्या वसवो ये च साध्या
विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसङ्घा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥
रूपं महत्ते बहुवक्त्रनेत्रं
महाबाहो बहुबाहूरुपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥
नभःस्पृशं दीप्तमनेकवर्णं
व्यात्ताननं दीप्तविशालनेत्रम् ।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥
दंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि ।

आदि र मध्य अन्त्यले हीन अनन्त बलको
अनन्त बाहु सूर्य र चन्द्र नयन भएको ।
तपाइँलाई देख्तछु दीप्त[1] अनल-मुखको
यो विश्व आफ्ना तेजले ताप गराइरहेको ॥१९॥
यो व्योम भूमिको बीच दिशा समग्र पनि ता
संपूर्ण यौटै हजुर्ले मात्र छन् व्याप्त[2] भएका ।
हजुर्को यस्तो अद्भुत उग्र यो रूप देखेर
महात्मन् ! अति पीडित तीनै लोक भैरहेछ ॥२०॥
यी देवसंघ हजूरमा नै प्रवेश गर्दछन्
डरले कुनै जोडेर हात स्तुति पो गर्दछन् ।
भनेर स्वस्ति महर्षिसिद्धहरूको समूह
तपाइँलाई धेरै ती स्तोत्रले गर्छन् स्तवन[3] ॥२१॥
आदित्य रुद्र र अष्टवसु जो छन् ती साध्य र
अश्विनी विश्व वायु र उष्मपा नाम पितृ र ।
गन्धर्व यक्ष असुर सिद्धहरूको समूह
तपाइँलाई आश्चर्य भई हेर्दछन् समग्र ॥२२॥
बहुत मुख नयन धेर बाहु र चरण
उदर धेरै र दाह्रा धेरैले भा'को कराल ।
हजुर्को महत् देखेर रूप हे महाबाहु ! ती
दुःखित लोक छन् त्यस्तै दुःखित् भा'को छु म पनि ॥२३॥
आकाश छुने प्रदीप्त अनेक वर्ण भएको
बाएको मुख विशाल दीप्त नयन भएको ।
तपाइँलाई देखेर चित्त दुःखित भएको
पाउन्न धैर्य पाउन्न शान्ति पनि त हे विष्णो ! ॥२४॥
दाह्राले भयकारक लयकालाग्नि[4] समान
भएका सबै देखेर तिनी हजुर्का वदन ।

१. बलेको अग्नि । २. ढाकिएका । ३. स्तुति । ४. प्रलयकालको अग्नि ।

दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ॥२५॥
अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसङ्घैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥
वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि ।
केचिद्विलग्ना दशनान्तरेषु
संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥
यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥
यथा प्रदीप्तं ज्वलनं पतङ्गा
विशन्ति नाशाय समृद्धवेगाः ।
तथैव नशाय विशन्ति लोका-
स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥
लेलिह्यसे ग्रसमानः समन्ता-
ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥
आख्याहि मे को भवानुग्ररूपो
नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

जान्दिनँ दिशा कल्याण पनि पाउन्न देवेश !
तपाइँ खुशी भैबक्सियोस हे जगन्निवाश ! ।।२५।।
सम्पूर्ण धृतराष्ट्रका दुर्योधनादि पुत्र यी
अवनिपालहरूको संघ समेत साथ ली ।
त्यस्तै नै भीष्म द्रोण र सूत-पालित[१] कर्ण यी
योधामा मुख्य भएका हाम्रा वीर् पनि साथै ली २६।।
दाह्राले साह्रै डर्लाग्दा तिनै मुखमा हजुर्को
हत्त र पत्त गर्दै नै गर्छन् प्रवेश यिनी ता ।
कुनै ता फेरि दाह्राका बीच-बीचमा परेका
देखिन्छन् चूर्ण मस्तकहरूले युक्त भएका ।।२७।।
जसरी नदीहरूका धेरै जलका वेग ता
दौडन्छन् सन्मुख् परेर समुद्रलाई दौडदा ।
त्यस्तै नै यिनी मनुष्यलोकका वीरहरू ता
हजुर्का पस्छन् मुखमा बल्छन् धप्धप पनि ता ।।२८।।
जसरी वेग बढाइ नाश हुनका निमित्त
प्रदीप्त वैश्वानरमा पस्छन् पतङ्ग-समूह ।
त्यस्तै नै वेग बढाइ लोक पनि ता हजुर्को
मुखमा पस्छन् आफै नै नाश हुनका निम्तिमा ।।२९।।
बलेका मुखहरूले चारैतिर ती समग्र
लोकलाइ ग्रास गरेर बारंबार् चाटिबक्सिन्छ ।
सम्पूर्ण जगत् तेजले पूर्ण गरेर अच्युत
हजुर्का उग्र प्रकाशहरू गर्दछन् संताप ।।३०।।
उग्ररूप् हजुर् को हुनुहुन्छ मलाइ भन्नुहोस्
हजूरलाई छ नमस्कार प्रसन्न हुनुहोस् ।
जान्नको इच्छा गर्दछु आद्य हजूरलाई म
हजूर्को किन प्रवृत्ति भयो जान्दिनँ केई म ।।३१।।

१. सतपुत्र, कर्ण ।

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रून् भुङ्क्ष्व राज्यं समृद्धम्।
मयैवैते निहताः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

द्रोणं च भीष्मं च जयद्रथं च
कर्णं तथान्यानपि योधवीरान्।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा
युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

संजय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी।
नमस्कृत्वा भूय एवाह कृष्णं
सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

अर्जुन उवाच

स्थाने हृषीकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च।
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ॥३६॥

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे।

भगवान्ले भन्नुभयो

लोकको गर्ने विनाश म ता बढेको काल हुँ
लोकको गर्न संहार यहाँ प्रवृत्ति भा'को हुँ ।
प्रत्येक सैन्यहरूमा जो छन् बसेका योधा ता
रहनेछैनन् सम्पूर्ण तिमी नभए पनि ता ॥३२॥

त्यसैले तिमी उठ र लाभ गर त्यो कीर्तिको
जितेर शत्रु घमले पूर्ण भोग् गर राज्यको ।
मैले नै तिम्रा ती शत्रुहरू मारिए पैले नै
हे सव्यसाचिन् ! तिमी हौ एक निमित्त मात्र नै ॥३३॥

श्रीद्रोण भीष्म र कर्ण जयद्रथ यी वीर र
त्यस्तै नै अरू पनि त योधा जति छन् शूर् वीर ।
यी मैले मारीसकेकालाई मार दुख् नमान
संग्राम गर युद्धमा तिमी जित्नेछौ सपत्न[1] ॥३४॥
कृष्णको यस्तो डर्लाग्दो बात सुनेर पार्थले
जोडेर हात दुवै नै, कम्प भएर डरले ।
गरेर नमस्कार् कृष्णलाई गद्गद भएर
डराइ डराई फेरि भने प्रणाम गरेर ॥३५॥

अर्जुनले भने

हे हृषीकेश ! युक्त हो जगत् हजूर्का कीर्तन्ले
खुशी छ अति आसक्त पनि भैरछ प्रेमले ।
भयमा प्राप्त राक्षसहरू दिशामा दौडन्छन्
जति छन् सिद्ध समूह सबै नमस्कार् गर्दछन् ॥३६॥
ब्रह्मको पनि उत्पत्ति गर्ने र श्रेष्ठ अत्यन्त
तपाईंलाई नगरून् नमस्कार् हेतु केले त ।

१. शत्रु ।

अनन्त देवेश जगन्निवास
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥
त्वमादिदेवः पुरुषः पुराण-
स्त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ॥३८॥
वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥
नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व ।
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥
सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ॥४१॥
यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु ।
एकोऽथवाप्यच्युत तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥
पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

द्यौताका स्वामी अन्तले होन जगत्का निवास
तपाईं असत् सत् परं अक्षर् जो, त्यै हुँबक्सिन्छ ॥३७॥
तपाईं आदि देवता अति पुरानु पुरुष
तपाईं यस विश्वको परं हेतु हुँबक्सिन्छ ।
जानिने[1] जान्ने[2] र परं धाम पनि हुँबक्सिन्छ
अनन्त रूप हजूर्ले परिपूर्ण यो विश्व छ ॥३८॥
तपाईं वायु यम र अग्नि वरुण शशाङ्क
प्रजाका पति प्रपितामह पनि हुँबक्सिन्छ ।
सहस्रपल्ट हो-ओस नमस्कार त्यो नमस्कार्
तपाईंलाई बारम्बार् होस नमस्कार् नमस्कार् ॥३९॥
तपाईंलाई पूर्व र अनि पश्चिम् छ नमस्कार्
तपाईंलाई सर्वत्र होस हे सर्व ! नमस्कार् ।
अज्ञेय वीर्य र पराक्रम भएका हजूर
सब् पार्नुहुन्छ समाप्त अतः सर्व भैबक्सिन्छ ॥४०॥
तपाईंको यो महिमा केई नजान्ने मैले त
साथि नै होईबक्सिन्छ भन्ने लिएर यो हठ ।
हे कृष्ण साथी यादव यस्तो भनेर नित्य यो
प्रेमले होस् वा प्रमादले[3] होस् वा जो जो त्यो भनियो ॥४१॥
जो फेरि हास्य निमित्त शय्या विहार भोजमा
अथवा एक्लै गरिनुभयो हेलन खेलमा ।
प्रमाण्ले अज्ञ हजूरलाई त्यो सबै अच्युत !
म क्षमा गराउँदछु क्षमा गर्नुहोस् माधव ! ॥४२॥
अचर[4] चर जगत्को पिताजी होइबक्सिन्छ
लोकको पूज्य र अति श्रेष्ठ गुरु हुँबक्सिन्छ ।
उपमा-हीन प्रभाव ! तीनै लोकमा पनि ता
तपाईं तुल्य नै छैन अर्को काँ होला बढी ता ॥४३॥

---

१. घटादि पदार्थ । २. जान्ने ज्ञान । ३. विहोशीपना । ४. वृक्ष आदि अचर, मनुष्य आदि चर (चटपट गर्ने), अचर (चटपट नगर्ने) ।

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीडयम् ।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देव रूपं
प्रसीद देवेश जगन्निवास ॥४५॥

किरीटिनं गदिनं चक्रहस्त-
मिच्छामि त्वां द्रष्टुमहं तथैव ।
तेनैव रूपेण चतुर्भुजेन
सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं
रूपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

न वेदयज्ञाध्ययनैर्न दानै-
र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

मा ते व्यथा मा च विमूढभावो
दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

त्यसैले देह झुकाईकन गरेर प्रणाम
ईश्वर स्तुत्य तपाइँलाई प्रसन्न पार्छु म ।
पुत्रको दोष पिताले सखाको दोष सखाले
पतिले स्त्रीको सहेझैं कृष्ण सहनु हजुर्ले ॥४४॥

खुशी छु पैले नदेखिएको विश्वरूप् देखेर
भयले पनि पीडित भा'को छ मेरो मानस ।
मलाइ देव ! तेई नै रूप देखाइदिनुहोस्
हे देवेश्वर ! हे जगद्वास ! प्रसन्न हुनुहोस् ॥४५॥

किरीटधारी हातमा गदा र चक्र लिएको
त्यस्तै नै देख्न तपाइँलाई चाहन्छु पैलेको ।
ती चार राम्रा भएका हात त्यै पूर्वरूपले
सहस्रबाहो ! हे विश्वरूप ! हुनुहोस् अहिले ॥४६॥

भगवान्ले भन्नुभयो

सबको आदि अनन्त विश्व तेजको समूह
परमरूप यो तिमीलाई प्रसन्न भएर ।
हे पार्थ ! मैले देखाइदिएँ योगका बलले
यो देखिएन तिमीले बाहेक् अरूले पहिले ॥४७॥

न वेद यज्ञ न अध्ययन न दानहरूले
न उग्र तप-हरूले न ता सुकर्महरूले ।
म यस्तो रूप हे कुरुवीर मनुष्यलोकमा
सकिन्छु देख्न तिमीले विना अरूले प्राणीमा ॥४८॥

यो मेरो यस्ता प्रकार्को घोर रूप्लाई देखेर
तिम्लाई पीडा नहोस मूढ स्वभाव नहोस ।
त्यागेर भय भएर हर्ष लौ फेरी तिमी ता
तेई नै मेरो अघिको रूप हेर है यथेच्छा ॥४९॥

संजय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रूपं दर्शयामास भूयः।
आश्वासयामास च भीतमेनं
भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

अर्जुन उवाच

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन।
इदानीमस्मि संवृत्तः सचेतः प्रकृतिं गतः ॥५१॥

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥
नाहं वेदैर्न तपसा न दानेन न चेज्यया।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥
भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप ॥५४॥
मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विश्वरूपदर्शनयोगो नामैकादशोऽध्यायः ॥ ११ ॥

सन्जयले भने

अर्जुनलाई कृष्णले यस्तो त्यसरी भनेर
त्यो फेरि आफ्नो रूप्लाइ देखाइदिनुभयो र।
कृष्णले फेरी सुन्दर देह गरेर धारण
भयले युक्त अर्जुनलाई गर्नुभो सान्त्वन ॥५०॥

अर्जुनले भने

हजुर्को सौम्य यो नररूप देखेर माधव।
अहिले भएँ स्वभाव-गत सचेत सन्तोष ॥५१॥

भगवान्ले भन्नुभयो

दुर्लभ देखन यो मेरो रूप देख्यौ जो अर्जुन।
देवता पनि गर्दछन् इच्छा नित्य यो देखन ॥५२॥

मलाइ जस्तो तिमीले देख्यौ तेस्तै नै देख्न म।
वेद र तप दान र यज्ञले पनि सकिन्न ॥५३॥

हे पार्थ ! यस्ता प्रकार्को म ता अनन्य भक्तिले।
यथार्थ जान्न र देखन पस्न सकिन्छु यत्नले ॥५४॥

मत्कर्म[1] भक्त मै गति सङ्गरहित हे पार्थ !
निर्वैर[2] सबै भूतमा जो छ त्यो मैमा पुग्दछ ॥५५॥

इति एकादश अध्याय ॥११॥

१. मेरा निमित्त वा फलेच्छा नगरी-कर्म गर्ने। २. वैरभाव नगर्ने।

ॐ श्रीपरमात्मने नमः

अथ द्वादशोऽध्यायः

अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥

संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥
क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥
ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥
तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥
मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥
अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥

---

१. बारम्बार मन लगाएर । २. सगुण तपाईं । ३. इन्द्रियले नजानिने। ४. हात आदि अवयव नभएका वस्तुको संज्ञना हुन सक्तैन । ५. नित्य । ६. सुखी

अब बाह्रौं अध्याय

●

अर्जुनले भने

सतत[1] युक्त जो भक्त भज्छन् तपाईंलाई[2] जो।
अव्यक्त[3] अक्षर् भज्दछन् तिन्मा योगवित् श्रेष्ठ को ॥१॥

भगवान्ले भन्नुभयो

जो नित्य युक्त राखेर मैमा मन् अति श्रद्धाले।
मलाई भज्छन् ती मैले अति उत्तम मानिए ॥२॥

सबैमा सम भएको बुद्धि जो योगी, इन्द्रिय।
रोकेर अक्षर् अचिन्त्य[4] ध्रुव[5] कूटस्थ[6] अचल[7] ॥३॥

सर्वत्र डुल्ने ब्रह्मको नित्य सेवन गर्दछन्।
ती सबै भूत-हितमा रत मैलाई पाउँछन् ॥४॥

ज्यादै नै दुःख हुन्छ ती अव्यक्त-सक्त-चित्तको।
देहीले किन्तु पाइन्छ दुख्ले अव्यक्त गति त्यो ॥५॥

जो ममा सबै अर्पेर कर्म मैमा भै तत्पर।
मलाई एक[8] योगले गर्दै ध्यान् गर्छन् सेवन ॥६॥
ती ममा चित्त दिएकालाई झट्ट नै हे पार्थ!
म हुन्छु मृत्यु संसार बाट उद्धार गर्ने त ॥७॥

ममा नै मन राख है मैमा लगाउ बुद्धि त्यो।
बस्नेछौ मैमा यहाँदेखि उँभो संशय छैन यो ॥८॥
सक्तौन भने मन् ममा स्थिर गरेर राखन।
अभ्यास योगले इच्छा गर मलाइ पाउन ॥९॥

दुःखी नभै एकैरूपले रहने। ७. चटपट नगर्ने। ८. निराकार ब्रह्ममा आसक्त चित्त भएका योगीको।

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥
अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥
श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥
अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ॥१३॥
सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥
यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥
अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥
यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान् यः स मे प्रियः ॥१७॥
समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥
तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान् मे प्रियो नरः ॥१९॥
ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे भक्तियोगो
नाम द्वादशोऽध्यायः ॥ १२ ॥

अभ्यास गर्न सक्तैनौ भने मन्निमित्त गर काम् ।
सिद्धिमा प्राप्त हुनेछौ मेरै निमित्त गर्दै काम् ॥१०॥
यो पनि गर्न सक्तैनौ भने मेरो योग् आश्रय ।
शरीर अनि मन् रोकी सबै कर्मफल् त्याग् गर ॥११॥
अभ्यासभन्दा ज्ञान हो श्रेष्ठ ज्ञान्भन्दा श्रेष्ठ ध्यान् ।
ध्यान्भन्दा कर्मफल् त्याग त्यागले नित्य शान्ति जान् ॥१२॥
अद्वेषी[1] सबै भूतको मित्र दयालु पनि छ ।
ममता दम्भ रहित, सम सुख् दुःखमा, सहन्छ ॥१३॥
सन्तुष्ट नित्य मन् रोक्ने योगी र दृढ निश्चय ।
मन् बुद्धि मना दिएको जो छ त्यो मेरो प्यारो छ ॥१४॥
जस्बाट लोक चिढिन्न लोकबाट जो चिढिन्न ।
जो हर्ष डाही खिन्नता भय-हीन त्यो प्यारो छ ॥१५॥
अपेक्षा-हीन उदासी[1] शुचि सुखी र चलाक ।
न गर्ने कर्मफलेच्छा जो छ त्यो मेरो प्यारो छ ॥१६॥
जो खुशी हुन्न गर्दैन द्वेष शोच्तैन चाहन्न ।
जो शुभाशुभ[2] त्यागी छ भक्त त्यो मेरो प्यारो छ ॥१७॥
समान शत्रु मित्रमा त्यस्तै मानापमानमा ।
आसक्ति-हीन समान शीतोष्ण[3] सुखदुःखमा ॥१८॥
समान निन्दा स्तुतिमा मौनी जे केले सन्तुष्ट ।
अगृह स्थिर-बुद्धि र भक्त जो छ त्यो प्यारो छ ॥१९॥
यो धर्ममय[4] सुधा जो भनेबमोजिम् भज्दछन् ।
श्रद्धालु मना ती भक्त मेरा अत्यन्त प्यारा छन् ॥२०॥

इति बाह्रौं अध्याय

---

१. पक्षपात नगर्ने । २. राम्रो नराम्रो दुवै कर्मको फल त्याग्ने । ३. ठण्डी र गर्मी । ४. धर्मबाट नहट्नु रूप अमृत ।

अथ त्रयोदशोऽध्यायः

•

श्रीभगवानुवाच

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥
क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥
तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे शृणु ॥३॥
ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥
महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥
इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥
अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥
इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥
असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥
मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

१. शब्द, रूप, रस, स्पर्श, गन्ध । २. मूल प्रकृति । ३. भूमि आदि पांच

अब तेह्रौं अध्याय

भगवान्ले भन्नुभयो

यो देह क्षेत्र भनेर पार्थ ! कहिन्छ यस्लाई ।
जान्दछ जो ता तत्त्वज्ञ भन्छन् क्षेत्रज्ञ त्यस्लाई ॥१॥
क्षेत्रज्ञ पनि मलाई जान तो सबै क्षेत्रमा ।
क्षेत्रज्ञ क्षेत्रको ज्ञान जो त्यो मानियो ज्ञान् मम ॥२॥

त्यो क्षेत्र जो हो जस्तो जो हुन्छ विकारी जस्बाट ।
त्यो पनि जो जुन् प्रभाव्को हुन्छ सुन त्यो मबाट ॥३॥
ऋषिले नाना वेदले अनि युक्तिले सहित ।
निश्चित ब्रह्मसूत्रका पद्ले पनि यो वर्णित ॥४॥
शब्दादि[1] पाँच र अहंकार बुद्धि र अव्यक्त[2] ।
इन्द्रिय दश र मन भूमि[3] आदि यी पाँच् भूत ॥५॥
इच्छा र द्वेष सुखदुःख् देह चेतना[4] धैर्यता ।
विकार-युक्त यो क्षेत्र भनें संक्षेप्ले मैले ता ॥६॥
मान र आडम्बर् हीन शान्ति अहिंसा ऋजुता[5] ।
आचार्य-सेवा शौच र चित्त अधीन मौनता ॥७॥
विषय-भोगमा वैराग्य हुनु अहंकार् नगर्नु ।
जन्म र मृत्यु वृद्धता रोग दुःख दोष् देखनु ॥८॥
स्त्री पुत्र गृह आदिमा राग तिरस्कार हीनता ।
अनिष्ट इष्ट प्राप्तिमा नित्य चीजको समता ॥९॥
अनन्य[6] योगलें अव्यभिचारी[7] भक्ति म ईशमा ।
एकान्त सेवा अनिच्छा जनहरूको सभामा ॥१०॥

पृथिवी, अप्, तेज, वायु, आकाश । ४. बुद्धि-वृत्ति । ५. सीधापना । ६. अन्त मन नलाई भगवान्को ध्यान गर्नु । ७. भेद नदेख्ने ।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान् ॥१९॥

कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

---

१. नित्य आत्मविचार । २. तत्त्व पदको अर्थ-विचार । ३. सत् छ भनौं देखिदैन, जानिदैन । ४. असत् भनौं भने छ । ५. बुद्धि, अहंकार, मन, श्रोत्र, त्वक्, रसना,

अध्यात्मज्ञान[1] नित्य नै तत्त्वज्ञानार्थ[2] दर्शन ।
कहियो ज्ञान यो, यस्को उल्टो कहियों अज्ञान ॥११॥
ज्ञेय छ जो त्यो भन्छु जो जानि अमृत भोग्दछ ।
अनादि परंब्रह्म त्यो न सत्[3] न असत् कहिन्छ[4] ॥१२॥
सर्वत्र पाणि पाउ शिर् नेत्र मुख् कान भा'को छ ।
त्यस्तो त्यो ब्रह्म-लोकमा सबै ढाकेर रहन्छ ॥१३॥
जो-द्वारा हुन्छन् इन्द्रियगुण सबै तो प्रकाश ।
त्यो ज्ञेय भने इन्द्रियहरू सबैले शून्य छ ॥
संयोग छैन वस्तुमा गर्छ सबैको धारणा ।
निर्गुण छ त्यो तापनि गुण सम्पूर्ण भोग्दछ ॥१४॥
भूतका भित्र बाहिर त्यो छ चराचर् तेई हो ।
त्यो सूक्ष्म हुँदा जानिन्न नजिक् छ दूर पनि त्यो ॥१५॥
भूतमा भिन्न छैन तापनि भिन्न झैं रहन्छ ।
भूतको भर्ता सृष्टि नाश् कर्ता त्यै जान्नुपर्दछ ॥१६॥
ज्योतिको पनि त्यो ज्योति तमदेखि त्यो पर छ ।
त्यै ज्ञान ज्ञेय ज्ञानले प्राप्य बुद्धिमा सब्को छ ॥१७॥
यसरी क्षेत्र ज्ञान र ज्ञेय संक्षेप्ले भनियो ।
जानेर यो ता स्वरूप मेरो पाउँछ भक्त त्यो ॥१८॥
अनादि जान प्रकृति अनि पुरुष द्वैलाई ।
प्रकृतिबाट उत्पन्न जान विकार गुण्लाई ॥१९॥
कारण[5] कार्य कर्तामा हेतु प्रकृति कहिन्छ ।
सुख र दुःख भोगमा हेतु पुरुष कहिन्छ ॥२०॥
मायामा रही पुरुष माया[6]ज गुण भोग्दछ ।
अत्[7] असत् योनिमा जन्म गुण संगको हेतु छ ॥२१॥

नेत्र, घ्राण, वाक्, हस्त, पाद, उपस्थ, गुदद्वार यी १३ का नाम करण ।
६. मायाबाट उत्पन्न । ७. देवादि योनि सत्, पशु आदि योनि असत् कहिन्छ ।

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

यावत्संजायते किंचित्सत्त्वं स्थावरजङ्गमम् ।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा ॥३०॥

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

महेश साक्षी भर्ता र भोक्ता संमति दाता त्यो ।
यो देह-भित्र पुरुष पर परात्मा कहियो ॥२२॥
जो गुण-साथ यसरी माया पुरुष जान्दछ ।
रहोस् तापनि सर्वथा[1] फेरी जन्म त्यो लिदैन ॥२३॥

ध्यानले कोई आत्ममा आत्मा आत्मले देख्तछन् ।
क्वै सांख्ययोग्ले कुनै ता कर्मयोगले देख्तछन् ॥२४॥

न जान्ने यस्तो क्वै अरूबाट सुनेर भज्दछन् ।
श्रवण गर्ने ती पनि मृत्यु अवश्य तर्दछन् ॥२५॥

स्थावर[2] जङ्गम्[3] कुनै त्यो बस्तु जति जो जन्मन्छ ।
क्षेत्रज्ञ क्षेत्र संयोगबाट जान त्यो जन्मन्छ ॥२६॥

विनाशि सबै भूतमा एकै भएर रहेको ।
अनाशी परं-ईश्वरलाई जो देख्छ देख्छ त्यो ॥२७॥
सर्वत्र स्थित ईश्वरलाई समान देख्छ र ।
आत्मको हिंसा गर्दैन आफै मोक्ष त्यो पाउँछ ॥२८॥
प्रकृतिद्वारै सब् कर्म गरिएका जो देख्तछ ।
जो आत्मलाई अकर्ता त्यस्तै जो देख्छ त्यो देख्छ ॥२९॥
जहिले पृथक् ती भूत एकत्र स्थित देख्तछ ।
उस्बाटै देख्छ बिस्तार तब ब्रह्ममा पुग्दछ ॥३०॥
अनादि निर्गुण् हुनाले परं आत्मा यो नाशिन्न ।
शरीर-भित्र रहेको पनि गर्दैन लिपिन्न ॥३१॥
मसिनु हुँदा व्यापक व्योम जसरी लिपिन्न ।
रहेको सबै देहमा आत्मा त्यसरी लिपिन्न ॥३२॥
जस्तै यो लोक सब् सूर्य एक गर्दछन् प्रकाश ।
क्षेत्रज्ञ त्यस्तै सम्पूर्ण क्षेत्र गर्दछ प्रकाश ॥३३॥

१. शुभाशुभ जे कर्म गरे पनि । २. नहिड्ने पर्वत आदि । ३. हिड्ने मनुष्यादि ।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे क्षेत्रक्षेत्रज्ञविभायोगो नाम त्रमोदशोऽध्यायः ॥ १३ ॥

अथ चतुर्दशोऽध्यायः

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥
इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥
मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥
सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥
सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥
तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥

१. भूत-प्रकृतिका विकार महत्तत्त्वादि र मूल प्रकृति । २. एकै धर्म भएको मेरै

क्षेत्रज्ञ क्षेत्रको भेद भूतप्रकृति[1] छुट्कार ।
जान्दछन् ज्ञानचक्षुले जो ती पुग्दछन् त्यो पर ।।३४।।

इति तेह्रौं अध्याय ।।१३।।

अब चौधौं अध्याय

भगवान्‌ले भन्नुभयो

भन्नेछु फेरी उत्तम अत्यन्त ज्ञान ज्ञानमा ।
जो जानी गए सम्पूर्ण मुनि परमसिद्धिमा ।।१।।
यो ज्ञान गरी आश्रय मेरो साधर्म्य[2] पाएका ।
सृष्टिमा पनि जन्मन्नन् दुःखी हुँदैनन् लयमा ।।२।।
त्यों महत्ब्रह्म मेरो हो योनि[3] त्यसमा बीज् राख्छु म ।
त्यसबाट सबै भूतको हुन्छ उत्पत्ति अर्जुन ! ।।३।।
कौन्तेय ! सबै योनिमा जो जो हुन्छन् ती मूर्ति ता ।
तिनको महत्ब्रह्म हो योनि बीजद म पिता ।।४।।
प्रकृतिबाट सत्त्व रज् तम यी गुण जन्मन्छन् ।
देहमा देही अनाशीलाई हे पार्थ ! बाँध्दन् ।।५।।
तिनमा स्वच्छ हुनाले[4] सत्त्व प्रकाश गर्दछ ।
विकारहीन[5] छ सुख ज्ञान-सङ्गले बाँध्दछ ।।६।।

स्वरूप । ३. योनि'स्त्री । ४. रागद्वेष आदि दोष नहुनाले । ५. सुख दुःखादिले नबिग्रने ।

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसंगेन देहिनम् ॥७॥

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

सत्त्वं सुखे संजयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान् प्रतिपद्यते ॥१४॥

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

सत्त्वात्संजायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

---

१. मोह पार्ने । २. सावधान नहुने । ३. स्वर्गादि लोकमा ।

आसक्ति रूप रज् जान हुन्छ तृष्णा र सङ्गले ।
कौन्तेय बाँध्छ त्यो देहीलाई कर्मका सङ्गले ॥७॥

तम ता जान अज्ञानोत्पन्न सब् देही मोहन[1] ।
आलस्य निद्रा प्रमाद[2] यिन्ले त्यो बाँध्छ अर्जुन ॥८॥

सुखमा सत्त्व उत्कर्ष हुन्छ रज ता कर्ममा ।
तम ता हुन्छ ढाकेर ज्ञान उत्कर्ष प्रमादमा ॥९॥

रज र तम दाबेर सत्त्व, रज् सत्त्व दाबेर ।
तम र त्यस्तै रज् हुन्छ तम र सत्त्व दाबेर ॥१०॥

देहमा सबै द्वारमा जब द्युति र ज्ञान् पनि ।
उब्जन्छन् तब जानोस सत्त्व बढेको हो भनी ॥११॥

रजको वृद्धि हुँदामा लोभ र कर्म प्रारम्भ ।
प्रवृत्ति इच्छा अशान्ति पैदा हुन्छन् यी भारत ॥१२॥

तमको बृद्धि हुँदा ता हुन्नन् प्रवृत्ति प्रकाश ।
प्रमाद मोह यी दुइ हुन्छन् उत्पन्न कौन्तेय ! ॥१३॥

सत्त्वको बृद्धि भएमा जब शरीरी मर्दछ ।
तब त श्रेष्ठ ज्ञानीका स्वच्छ लोकमा पुग्दछ ॥१४॥

रजमा मृत्यु भएर कर्म-सङ्गीमा जन्मन्छ ।
तममा मृत्यु भएर मूढयोनिमा जन्मन्छ ॥१५॥
भन्दछन् पुण्य कर्मको फल सात्त्विक निर्मल ।
रजको फल दुःख हो तमको फल अबोध ॥१६॥
सत्त्वले ज्ञान उब्जन्छ लोभ मात्र नै रजले ।
प्रमाद मोह अज्ञान पनि उब्जन्छन् तमले ॥१७॥
सत्त्वस्थ जान्छन् मास्तिर[3] बस्छन् मध्यमा[4] राजस ।
तल्तिर[5] जान्छन् निन्दित वृत्ति भएका तामस ॥१८॥

४. मनुष्य लोकमा । ५. पशु कीरा आदि योनिमा ।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥
गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

अर्जुन उवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।
न द्वेष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥
उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥
समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥
मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥
मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥
ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे गुणत्रयविभागयोगो
नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

जब त द्रष्टा गुणातिरिक्त[1] कर्ता क्वै देख्तैन ।
गुण्देखि पर जान्दछ मेरो रूप त्यो पाउँछ ॥१९॥
यी तीन देहमा स्थित गुण नाघेर देही त ।
जन्म र मृत्यु जरा दुःख् मुक्त अमृत भोग्दछ ॥२०॥

अर्जुनले भने

यी तीन गुण नाघेका जन्को लक्षण आचार ।
के कस्तो हुन्छ, कसरी तीन गुण यी नाघ्दछ ॥२१॥

भगवान्ले भन्नुभयो

प्रकाश मोह प्रवृत्तिलाई पनि हे अर्जुन ।
प्रवृत्ति हुँदा गर्दैन द्वेष नहुँदा चाहन्न ॥२२॥
गरिन्न चल गुणले साक्षी जस्तै जो रहन्छ ।
प्रवृत्ति हुन्छन् गुण् संझि बस्छ जो चेष्टा गर्दैन ॥२३॥
स्वस्थ र दुःख सुखमा, अश्म मृत् स्वर्णमा सम ।
स्वस्तुति निन्दामा सम प्रिय अप्रियमा सम ॥२४॥
मानापमानमा शत्रुमित्रपक्षमा समान ।
सब् कर्म त्यागी कहिन्छ गुण नाघेको त्यो जन ॥२५॥
मलाई व्यभिचारहीन भक्तियोगले भज्छ जो ।
यी तीन गुण नाघेर ब्रह्मको रूप हुन्छ त्यो ॥२६॥
अनाशी ब्रह्म अमृत त्यस्तै सनातन् धर्मको ।
अखण्ड सुखको पनि म हुँ आश्रय जान यो ॥२७॥

इति चौधौं अध्याय ॥१४॥

---

१. तीन गुण बाहेक अर्को कुनै कर्ता देख्तैन अर्थात् गुणहरूले नै सबै कर्म गरिएको देख्छ ।

अथ पञ्चदशोऽध्यायः

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥
अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषयप्रवालाः ।
अधश्च मूलान्यनुसन्ततानि
कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥
न रूपमस्येह तथोपलभ्यते
नान्तो न चादिर्न च संप्रतिष्ठा ।
अश्वत्थमेनं सुविरूढमूल-
मसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥
ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये
यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥
निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

१. मूल—बीज वा कारण. अनाशी ब्रह्म जन्म मरणरूप संसारको कारण हो । त्यही संसारको कारण ब्रह्म वृक्ष हो । त्यसका हाँगा चर अचर जगत् हुन् । २. उँभो स्वर्गादि लोक, उँधो मनुष्य लोकमा फैलेका छन् । ३. तीन गुणले बढेका अथवा सात्त्विकी राजसी तामसी हुन्छन् । शब्दादि भोग्य विषय बालु वा समान हुन्छन् मानव योनिमा राग द्वेष आदि बीज हुन्छन् ती फैलिन्छन्, कर्म

अब पन्ध्रौं अध्याय

●

भगवान्ले भन्नुभयो

मूल्[1] उँभो शाखाधः भा'को भन्छन् अनाशी पिप्पल्।
वेद छन् जस्का पत्ता त्यो बुझ्छ जो त्यो हो वेदज्ञ ॥१॥

छन् उँधो[2] उँभो विस्तार भा'का हाँगा त्यो वृक्षका
विषय[3] चाँहि पल्लव भा'का गुणले[4] बढेका।
तल्तिर मर्त्यलोकमा आफ्ना कर्मानुसारका
बन्धन गर्ने जरा छन् राग द्वेषादि फैलेका ॥२॥

सुदृढ[5] मूल भएका यस पिप्पललाई त।
न झर्ने[6] दृढ असङ्ग रूप शस्त्रले काटेर ॥३॥

त्यस्पछि अनि त्यो परंपद खोजनुपर्दछ।
गएका जस्मा पुरुष फेरी आउन्नन् फर्केर॥
उहीं नै आद्य पुरुष्का मता पर्दछु शरण।
जस्वाट भयो पुरानु संसार् वृक्षको विस्तार। ४॥

मान र मोह भएका नष्ट सङ्ग दोष् जितेका
ब्रह्ममा नित्य रहेका सबै कामना हटेका।
सुख र दुःख नामका द्वन्द्वहरूले विमुक्त
विवेकी जन पुग्दछन् नष्ट नहुने त्यो पद ॥५॥

अनुसारले बन्धन गर्छन्। ५. नित्य, संसारको कारण, सदा गुणले नबिग्री एकै रूपले रहने हुनाले दृढ हो, महत्तत्त्व आदि उसैबाट पैदा भएका शाखा हुन्, ब्रह्म वृक्ष हो। ज्ञान हुनासाथ नाश हुन्छ, त्यसैले 'अश्वत्थ-भोलिसम्म नरहने भनेको। ६. धार क्वै नहुने नदोब्रिने।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

सर्वस्य चाहं हृदि सन्निविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

१. ज्ञानी जनलाई स्मृति, ज्ञान दिन्छु, संशयको नाश गरिदिन्छु । अनिको स्मृति ज्ञान नाश गरिदिन्छु । २. यहाँ क्षरले नाश हुनेवाला सबै वस्तुलाई

न सूर्य चन्द्र पावक गर्छन् प्रकाश त्यो पद ।
फर्कन्नन् जस्मा गै मेरो परंधाम हो त्यो पद ॥६॥
जीवात्मा मर्त्यलोकमा मेरै पुरानु अंश हो ।
मन् छैटौं भा'का प्रकृतिस्थित इन्द्रिय खिच्छ यो ॥७॥

जुन् देह जीव पाउँछ, छोड्न जुन् देह चाहन्छ ।
फूलबाट गन्ध झैं वायु यिनी लिएर चल्दछ ॥८॥

श्रोत्र र नेत्र त्वक् जिह्वा घ्राण मनको समेत ।
आश्रय यिन्कै गरेर भोग्छ विषय जीव त ॥९॥
निस्कँदै पस्तै भोग् गर्दै भा'को त्रिगुण भा'को वा ।
विमूढ जन देख्तैनन् देख्छन् ज्ञान नै चक्षुका ॥१०॥

यत्नवान् योगी यस्लाई देख्छन् रहेको बुद्धिमा ।
यत्नले पनि देख्तैनन् अज्ञ अशुद्ध बुद्धिका ॥११॥
प्रकाश गर्छ सम्पूर्ण जगत् सूर्यस्थ तेज जो ।
चन्द्रमा अग्निमा जान जो छ त्यो मेरो तेज हो ॥१२॥
पसेर भूमा धारण गर्छु तेजले भूत म ।
रस्-रूप सोम भै गर्छु सबै औषधि पुष्ट म ॥१३॥
भएर अग्नि शरीर-भित्र प्राणीका बसेर ।
गर्छु म पक्व चतुर्विध् अन्न प्राणापान् लिएर ॥१४॥
म नै छु सबै प्राणीका भित्र बुद्धिमा बसेको
मबाटै हुन्छ स्मृति र ज्ञान संशय[1] नाश यो ।
वेदले पनि सबैले म नै जान्नमा योग्य हुँ
वेदान्त कर्ता वेदवित् पनि हे पार्थ म नै हुँ ॥१५॥
पुरुष दुई छन् लोकमहाँ क्षर[2] र अक्षर ।
सम्पूर्ण भूत क्षर हुन् उक्त कूटस्थ[3] अक्षर ॥१६॥

कहन्छ, अक्षरले यहाँ मूल प्रकृतिलाई कहन्छ, मूल प्रकृति नाश हुँदैन, आत्मालाई कहँदैन । ३. कहिले पनि विकार नभै एकै रूपले रहने ।

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान् स्यात्कृतकृत्यश्च भारत ॥२०॥

ॐ तत्सदिति श्रीमद्भगद्गीतासूपषित्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे पुरुषोत्तमयोगो
नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

अथ षोडशोऽध्यायः

श्रीभगवानुवाच

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३॥

उत्तम अर्को पुरुष परं आत्मा यो कहिन्छ ।
अनाशी ईश यो तीन लोकमा पसेर पाल्दछ ॥१७॥

किन्तु म क्षर अक्षरदेखि उत्तम पर छु ।
यसैले लोक वेदमा सिद्ध पुरुषोत्तम हुँ ॥१८॥

जो ज्ञानी यस्तो पुरुषोत्तम मलाई जान्दछ ।
सर्वज्ञ त्यो ता मलाई सर्वभावले भज्दछ ॥१९॥

भनियो मैले गुह्यमा अतिगुह्य यो शास्त्र त ।
बुझेर विद्वान् यो कृतकृत्य होला हे भारत ! ॥२०॥

इति पन्ध्रौं अध्याय ॥ १५ ॥

अब सोह्रौं अध्याय

भगवान्ले भन्नुभयो

दैवी सम्पत्का लक्षण—

अभय अन्तःशुद्धता ज्ञान योगमा स्थिति ता ।
इन्द्रिय-दम, दान्, यज्ञ पाठ तपस्या ऋजुता ॥१॥

अहिंसा सत्य अक्रोध, त्याग शान्ति अपैशुन ।
भूतमा दया, अलोभ मृदु लज्जा अचञ्चल ॥२॥

तेज र क्षमा धैर्यता शौच अद्रोह अमान ।
जन्मेका दैवी सम्पत्मा जनका हुन्छन् यी गुण ॥३॥

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥४॥

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

द्वौ भूतसर्गौ लोकेऽस्मिन् दैव आसुर एव च ।
दैवो बिस्तरशः प्रोक्त आसुरं पार्थ मे शृणु ॥६॥

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसम्भूतं किमन्यत्कामहैतुकम् ॥८॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान् ॥१२॥

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥
आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

आसुरी सम्पत्का लक्षण—

कपट सेखी अभिमान् क्रोध कठोर वचन ।
अज्ञान, हुन्छन् आसुरी सम्पत्‌वालाका अर्जुन ॥४॥
मोक्षार्थ दैवी संपत्ति हुन्छन् आसुरी बन्धार्थ ।
दैवीमा जन्म भा'का छौ शोक नगर हे पार्थ ॥५॥
आसुर दैव दुई छन् भूतसृष्टि यो लोकमा ।
विस्तार्ले दैव भनियो सुन आसुर-तर्फमा ॥६॥
आसुर जन जान्दैनन् हुन प्रवृति निवृत्ति ।
न शौच न ता आचार न ता सत्य छ ती-माथि ॥७॥
ती भन्छन् जगत् आधार-हीन ईश्वर-हीन छ ।
कामले आफै भो परस्पर, अर्को के हेतु छ ॥८॥
लिएर दृष्टि यो अल्प बुद्धि विनष्ट स्वभाव[1] ।
अहितकारी[2] जगत्को हुन्छन् नाशार्थ उद्भव[3] ॥९॥
दुष्पूर[4] इच्छा गरेर दम्भ मान् मद युक्त ती ।
मोहले मिथ्या आग्रह लिई चल्दछन् कुव्रती ॥१०॥
अपार मृत्युसम्मको चिन्ता नित्य नै लिएका ।
आसक्त काम-भोगमा सुख यत्ति हो मानेका ॥११॥
आशा नै पाश सयौंले बद्ध क्रोधेच्छा तत्पर ।
भोगार्थ गर्छन् अन्यायबाट धनको संग्रह ॥१२॥
अहिले मैले यो पाएँ इच्छा यो पूरा हुनेछ ।
यो पनि मेरो छँदै छ फेरी संपत्ति हुनेछ ॥१३॥
यो शत्रु मैले मारियो अरू पनि म मार्नेछु ।
ईश्वर म हुँ भोगी हुँ सिद्ध बलवान् सुखी छु ॥१४॥
धनी छु जनयुक्त छु मैले तुल्य को अर्को छ ।
होम्दछु दिन्छु भोग्छु छ हर्ष यो अज्ञान् मोहित ॥१५॥

१. नष्टचित्त । २. शत्रु । ३. पैदा । ४. कहिल्यै नभरिने ।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

तानहं द्विषतः क्रूरान् संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे दैवासुरसम्पद्विभाग-
योगो नाम षोडशोऽध्यायः ॥ १६ ॥

अनेक चित्तले भ्रान्त मोह-जालले ढाकेका ।
आसक्त काम-भोगमा पर्छन् मोहले नरकमा ॥१६॥

धन र मान मदले मत्त घमण्डी स्वश्लाघी[1] ।
पूज्दछन् नामयज्ञले[2] विधि छोडेर दम्भ ली ॥१७॥

अहंकार् बल सेखी र इच्छा क्रोध यी लिएर ।
आफ्ना र पर देहमा मेरो द्वेष् निन्दा गर्छन ॥१८॥

ती द्वेष गर्ने अधम नरलाई म संसार्मा ।
फ्याँक्छु नित्य घृणित आसुरी मात्र योनिमा ॥१९॥

आसुरी योनि उत्पन्न मूढ प्रत्येक जन्ममा ।
मलाई पार्थ ! नपाई जान्छन् अधम गतिमा ॥२०॥

त्रिविध काम र क्रोध लोभ नरकद्वार यो ।
हो आफ्नू नाशी[3] त्यसैले त्याग गरोस तीनको ॥२१॥

यी तीन तमोद्वार्देखि मुक्त हे पार्थ जन ता ।
गर्दछ आफ्नू श्रेय र जान्छ परम गतिमा ॥२२॥

जो शास्त्रविधि छोडेर इच्छापूर्वक चल्दछ ।
त्यो न त सिद्धि न परा गति न सुख पाउँछ ॥२३॥

त्यसैले शास्त्र प्रमाण् छ तिम्रो अकार्य-कार्यमा ।
जानेर शास्त्र-विधान उक्त योग्य छौ कर्ममा ॥२४॥

इति सोह्रौं अध्याय

---

१. आफ्नू शरगी गर्ने । २. श्रद्धा-विनाको नाममात्र यज्ञ भएको । ३. नाश गर्ने ।

अथ सप्तदशोऽध्यायः

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ॥२॥
सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥
यजन्ते सात्त्विका देवान् यक्षरक्षांसि राजसाः ।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥
अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥
कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ।
मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥
आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥७॥
आयुःसत्त्वबलारोग्य-
सुखप्रीतिविवर्धनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या
आहाराः सात्त्विकप्रियाः ॥८॥
कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥
यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

अब सत्रौं अध्याय

●

अर्जुनले भने

जो शास्त्रविधि छोडेर गर्छन् श्रद्धाले पूजन ।
तिनको निष्ठा सत्त्व वा रज वा तम हो कुन ॥१॥

भगवान्‌ले भन्नुभयो

देहीको श्रद्धा त्रिविध हुन्छ स्वभाव उत्पन्न ।
सात्त्विको अनि राजसी त्यस्तै तामसी त्यो सुन ॥२॥

सबैको बुद्धि-अन्सार हुन्छ श्रद्धा हे भारत ।
छ श्रद्धामय यो जन, जो छ श्रद्धा त्यो त्यै हुन्छ ॥३॥

सात्त्विक पूज्छन् देवता, यक्ष रक्षस राजस ।
भूत र प्रेतको गण पूज्छन् तामस पुरुष ॥४॥
देहस्थ भूतग्राम[1] र भित्र देहस्थ मलाई ।
दुर्बल[2] गर्दै जो मूढ शास्त्र विधान हटाई ॥५॥
अत्युग्र तप गर्दछन् दम्भ अहंकार् लिएर ।
काम र राग बलले चूर ती जान आसुर ॥६॥
त्रिविध हुन्छन् सबैका प्रिय आहार ती पनि ।
त्यस्तै नै यज्ञ तप् दान तिन्को सुन यो भेद् पनि ॥७॥
आरोग्य आयु बुद्धि र सुख बल् प्रीति-बर्धक ।
रसिला चिल्ला स्थिर ती खाद्य सात्त्विक्‌का हुन् प्रिय ॥८॥
अमिलो पीरो नून् तीखो तातो रुखो र दाहक ।
राजस्का हुन्छन् यी प्रिय शोक दुख् रोग-दायक ॥९॥
बेला र रस गएको बासी दुर्गन्धी पनि जो ।
अशुद्ध जूठो जो खाद्य हुन्छ त्यो प्रिय तामस्को ॥१०॥

---

१. इन्द्रिय र मन । २. शिथिल ।

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत् ।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥
अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥
मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥
श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥
सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥
मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ॥१९॥
दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥
यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥
अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

१. फलेच्छा नगर्ने । २. देखावट । ३. विद्वान् । ४. माता, पिता, सासू, ससुरा विद्वान् आदि मान्यजन । ५. पीडा नपर्ने । ६. व्यर्थ वचन नबोल्नु । ७. देह

निष्कामी[१] जन्ले कर्तव्य संझी चित्त भै एकाग्र ।
शास्त्रोक्त यज्ञ गरिन्छ जो त्यो सात्त्विक कहिन्छ ॥११॥

फलको इच्छा गरेर दम्भ[२] निमित्त पनि जो ।
गरिन्छ यज्ञ त्यस्लाई जान राजस यज्ञ हो ॥१२॥

विधि र अन्नदान र मन्त्र दक्षिणा-हीनको ।
श्रद्धाले हीन यज्ञ ता पार्थ ! तामस कहियो ॥१३॥

देव सत्[३] गुरु[४] द्विजको पूजा शौचता आर्जव ।
अहिंसा ब्रह्मचर्य यी शारीरिक् तप कहिन्छ ॥१४॥
उद्वेग[५] हीन सत्य र प्रिय वचन पनि जो ।
स्वाध्यायाभ्यास पनि यी वाचिक् भनिन्छन् तप त्यो ॥१५॥
प्रसन्न मन शान्तता मौन[६] चित्तको निग्रह ।
मनको शुद्धि यस्तो यो तप मानस कहिन्छ ॥१६॥
फलेच्छा-हीन जनले ठूला श्रद्धाले गरेको ।
त्रिविध तप सात्विक भन्ने कहिन्छ पार्थ ! त्यो ॥१७॥
सत्कार मान पूजाका निम्ति दम्भले जो तप ।
गरिन्छ यहाँ त्यो चल नाशो राजस कहिन्छ ॥१८॥
गरिन्छ मूढपनाले आत्मपीडाले[७] तप जो ।
अथवा शत्रुनाशार्थ त्यो ता तामस भनियो ॥१९॥
योग्य छ दिन भनी जो दान अनुपकारिमा ।
दिइन्छ देश काल् पात्रमा त्यो कहिन्छ सात्त्विकमा ॥२०॥
जो दान प्रत्युपकार[८] निम्ति फलेच्छा गरी वा ।
गरिन्छ दुःख मानेर त्यो ता गनिन्छ राजसमा ॥२१॥
अपात्रलाई कुदेश[९] कालमा जो दान दिइन्छ ।
सत्कार मान नगरी त्यो ता तामस कहिन्छ ॥२२॥

र इन्द्रियहरूलाई पीडा गरेर । ८. मैले दान यसलाई दिएँ भने मलाई भलाइ गर्ला भनेर । ९. नराम्रो समयमा र नराम्रा देश वा ठाउँमा ।

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥
तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥
तदित्यनभिसंधाय फलं यज्ञतपःक्रियाः।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ॥२५॥
सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ॥२६॥
यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ॥२७॥
अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशोऽध्यायः ॥१७॥

अथाष्टादशोऽध्यायः

अर्जुन उवाच

संन्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम्।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ॥१॥

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥

ॐ तत्सत् यस्तो भनेर ब्रह्म-निर्देश गरियो।
त्यसैले अघि वेद-यज्ञ-भुसुर्को सृष्टि गरियो ॥२३॥
त्यै हेतु ॐ यो भनेर नित्य विधिले कहेका।
तपस्या यज्ञ दान् कर्म हुन्छन् ब्रह्मज्ञहरूका ॥२४॥
तत् भन्दै फल नगरी इच्छा तपस्या यज्ञ र।
दान यी कर्म गरिन्छन् मोक्ष-इच्छुले अनेक ॥२५॥
सद्भाव साधुभावमा यो सत् प्रयोग गरिन्छ।
उत्तम कर्ममा त्यस्तै सत् यो प्रयोग गरिन्छ ॥२६॥
यज्ञ र तप दानमा स्थिति सत् भन्ने कहिन्छ।
तिनैका निम्ति कर्म नै पनि सत् यै नै भनिन्छ ॥२७॥
त्यागेर श्रद्धा हवन दान तप जो गरियो।
कहिन्छ असत् पाइन्न यहाँ मरेर पनि त्यो ॥२८॥

इति सत्रौं अध्याय

अब अठारौं अध्याय

अर्जुनले भने

संन्यासको र त्यागको पनि अलग गरेर।
यथार्थ तत्त्व जान्नको इच्छा गर्दछु ईश्वर! ॥१॥

भगवान्ले भन्नुभयो

जान्दछन् काम्य[1] कर्मको त्याग संन्यास सज्जन।
सबै नै कर्मफलको त्याग त्याग् भन्छन् क्वै जन ॥२॥

१. फलको इच्छा गरिएको।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ॥३॥
निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः सम्प्रकीर्तितः ॥४॥
यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥
एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥
नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥
दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥
कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥९॥
न द्वेष्ट्यकुशलं कर्म कुशले नानुपज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥
न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥
अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ॥१२॥
पञ्चैतानि महाबाहो कारणानि निबोध मे ।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥
अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥१४॥

१. विद्वान् । २. काम्यकर्म । ३. निष्काम कर्म । ४. कर्म सिद्ध गर्ने उपाय बताउने ।
५. कर्म गर्ने प्रदेश । ६. जुन जुन इन्द्रिय र अरू अरू साधनद्वारा कर्म गरिन्छ

हुन् कर्म दोषी त्याज्य छन् भन्छन् कुनै ता शास्त्रज्ञ ।
नछोड्नु तप दान् यज्ञ कर्म भन्छन् क्वै शास्त्रज्ञ ॥३॥
त्यो कर्मत्यागमा मेरो सुन हे पार्थ ! निश्चय ।
कहियो तीन प्रकार्को त्याग लोकमा कौन्तेय ! ॥४॥
नछोड्नु तप दान् यज्ञकर्म ती गर्नँ पर्दछ ।
यज्ञ दान् तप सज्जनलाई गर्दछन् पवित्र ॥५॥
यी पनि कर्म ता पार्थ ! सङ्ग र फल छोडेर ।
योग्य छन् गर्न यो मेरो निश्चित् उत्तम मत छ ॥६॥
हुँदैन योग्य नियत कर्महरूको संन्यास ।
मोहले पार्थ ! त्यसको त्याग कहियो तामस ॥७॥
दुःख् संझी देह दुःखको डर्ले जो कर्म छोडला ।
राजस त्याग गरेर त्याग्फल् त्यसले नपाउला ॥८॥
सङ्ग र फल त्यागेर गर्नँ योग्य छ भनी यो ।
नियत कर्म गरिन्छ जो त्यो सात्त्विक मानियो ॥९॥
सात्त्विक त्यागी मेधावी[२] नष्ट भएको संशय ।
अशुभ[३] कर्म द्वेषी र शुभमा[४] हुन्न आसक्त ॥१०॥
सकिन्न देहधारीले सधैं ती कर्म छोडन ।
जो कर्मफल गर्दछ त्याग त्यो त्यागी भनिन्छ ॥११॥
त्रिविध इष्ट अनिष्ट मिश्र फल् हुन्छ कर्मको ।
मरेर हुन्छ अत्यागीको त्यो हुँदैन त्यागीको ॥१२॥
सब् कर्म सिद्धि निमित्त कार्यसिद्धान्त[५] सांख्यमा ।
कहिए पाँच कारण सुन मबाट ती यहाँ ॥१३॥
प्रदेश[६] त्यस्तै कर्ता र भिन्न भिन्न ती करण[७] ।
विभिन्न नाना चेष्टा र यस्मा दैव हो पञ्चमं ॥१४॥

उसको नाम 'करण' । ७. पूर्वजन्ममा गरेका शुभाशुभ कर्मको संस्कार यो जन्ममा आउँछ, त्यै संस्कार दैव कहिन्छ । 'पूर्वजन्मकृतं कर्म तद्दैवमिति कथ्यते' यो अमरकोशमा छ ।

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

---

१. अहंकार गर्ने स्वभाव नभएको छ । २. तीन प्रकारको । ३. तीन प्रकारको ।

शरीर मन बाणीले नर जुन् कर्म गर्दछ।
न्याय वा होस अन्याय पाँच या हुन्छन् कारण ॥१५॥

यी हेतु हुँदै केवल आत्मा कर्ता जो देखतछ।
मलिन बुद्धि हुनाले दुष्टमति त्यो देखतैन ॥१६॥

गर्ने हुँ म जो भन्दैन,[1] जस्को बुद्धिता लिपिन्न।
मारेर पनि यी लोक मार्दैन पाप्ले बाधिन्न ॥१७॥

ज्ञाता ज्ञान् ज्ञेय त्रिविध[2] हुन्छ कर्मको प्रेरक।
करण कर्म कर्ता यी त्रिधा[3] छ कर्म संग्रह ॥१८॥

सांख्यमा गुणभेदले ज्ञान कर्म र कर्ता यी।
कहिन्छ तीन प्रकार्को सुन यथार्थ ती पनि ॥१९॥

विभिन्न सबै भूतमा आत्मा अभिन्न अव्यय।
एउटै देख्छ जसले जान त्यो ज्ञान सात्त्विक ॥२०॥

जो ज्ञान सबै भूतमा भेद गरेर अनेक।
विभिन्न आत्मा जान्दछ जान त्यो ज्ञान राजस ॥२१॥

सबै नै यौटा कार्यमा सक्त[4] अहेतु अल्प र।
तत्त्वार्थ-हीन ज्ञान छ जो त्यो भनियो तामस ॥२२॥

फलेच्छा-हीन जनले सङ्ग राग द्वेष् त्यागेर।
नियत कर्म गरियो जो त्यो कर्म हो सात्त्विक ॥२३॥

फलेच्छु अहंकारले युक्त जनले जो कर्म।
गरिन्छ अतिश्रमले भनियो राजस् त्यो कर्म ॥२४॥

नगरी वास्ता परिणाम् नाश हिंसा र पौरुष।
मोहले कर्म थालिन्छ जो त्यो कहिन्छ तामस ॥२५॥

अनहंकारी असक्त धैर्य उत्साह सहित।
असिद्धि सिद्धिमा सम कर्ता कहिन्छ सात्त्विक ॥२६॥

४. आसक्त।

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥
अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥
बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनंजय ॥२९॥
प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥
यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥
अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥
धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥
यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ॥३४॥
यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥३५॥
सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ ।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥३६॥
यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥३७॥
विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥३८॥
यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

१. आत्ममा लागेका बुद्धिका कृपाले । २. शब्दादि विषय र इन्द्रिय ।

आसक्त कर्मफलेच्छु लुब्ध अशुद्ध हिंसरु ।
हर्ष र शोक सहित कर्ता भनियो राजस ॥२७॥
अशिक्षित चञ्चल् अनम्र अनुपकारी शठ् अल्छी ।
विषादी दीर्घसूत्री ता कर्ता कहिन्छ तामसो ॥२८॥
गुणले भा'को बुद्धि र धृतिको भेद त्रिविध ।
अनेको सुन सम्पूर्ण पृथक् गरेर हे पार्थ ॥२९॥
अकार्य कार्य अभय भय प्रवृत्ति निवृत्ति ।
बन्धन मोक्ष जान्दछ जो त्यो बुद्धि हो सात्त्विकी ॥३०॥
जसले धर्म अधर्म कार्य अकार्य क्यै पनि ।
यथार्थसँग जान्दैन पार्थ ! त्यो बुद्धि राजसी ॥३१॥
तमले व्याप्त, अधर्मलाई धर्म जो मान्दछ ।
तामसी बुद्धि त्यो सबै वस्तु विपरीत् ठान्दछ ॥३२॥
अव्यभिचारी योगले जुन धृतिले इन्द्रिय ।
मन् प्राण कर्म रोकिन्छन् धृति सात्त्विकी त्यो पार्थ ॥३३॥
धर्मार्थ काम धृतिले जुन धारण गर्दछ ।
प्रसङ्गवश फलेच्छु धृति राजसी भनिन्छ ॥३४॥
जसले स्वप्न विशाद शोक भय र मद यो ।
छोड्दैन जन दुर्बुद्धि पार्थ ! त्यो बुद्धि तामसी ॥३५॥
मबाट अब त्रिविध सुख सुन हे भारत !
यत्नले जहाँ रमण गर्छ दुख्वाट पार् हुन्छ ॥३६॥
जो त्यो छ पैले विष झैं अन्त्यमा सुधा तुल्य छ ।
त्यो आत्मबुद्धि[1] स्वच्छले प्राप्त सुख हो सात्त्विक ॥३७॥
जो स्पर्शेन्द्रिय-संयोगबाट[2] सुधा झैं पैले छ ।
अन्त्यमा विष समान त्यो सुख् राजस कहिन्छ ॥३८॥
जो सुख पैले अन्त्यमा पनि मन् मोह गर्दछ ।
प्रमादालस्यनिद्राज[3] त्यो सुख् कहियो तामस ॥३९॥

३. बिहोशीपना, आलस्य, निद्राबाट पैदा भएको ।

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥४०॥

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥४५॥

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥४७॥

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत् ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ॥४८॥

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ॥४९॥

समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ॥५०॥

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१॥

१. सरल स्वभाव । २. शास्त्रतर्कको ज्ञान । ३. ब्रह्म वा आत्मज्ञान राख्नु ।
४. ईश्वर छ, स्वर्गादि लोक छ, शास्त्रले बताएको विषय सत्य हो भनेर श्रद्धा

प्रकृतिभूत यो तीन गुणहरूले विमुक्त ।
त्यो प्राणी छैन भू स्वर्गमा वा द्यौतामा पनि त ॥४०॥
ब्राह्मण क्षत्री वैश्य र शूद्रहरूका ती कर्म ।
स्वभावोत्पन्न गुणले पृथक् गरिए अर्जुन ॥४१॥
तपस्या शम दम र शौच क्षमा र आर्जव[1] ।
विज्ञान[2] ज्ञान[3] आस्तिक्य[4] ब्रह्मकर्म यी स्वप्राप्त ॥४२॥
शून्याई तेज चातुर्य धैर्य युद्धमा नभाग्नु ।
स्वामित्व दान यी क्षात्रकर्म स्वाभाविक् सझनु ॥४३॥
गोरक्षा खेती व्यापार वैश्य कर्म हुन् स्वाभाविक् ।
सेवन रूप कर्म हो शूद्रको पनि स्वाभाविक् ॥४४॥
आआफ्ना कर्ममा रत नर संसिद्धि पाउँछ ।
स्वकर्म गर्ने जसरी सिद्धि पाउँछ त्यो सुन ॥४५॥
जस्बाट भूत सृष्टि भो जस्ले यो जगत् ढाकियो ।
त्यस्लाई आफ्ना कर्मले पुज्दा पाउँछ सिद्धि त्यो ॥४६॥
सुकृत[5] अन्य धर्मको भन्दा स्वधर्म निर्गुण ।
श्रेय छ स्वाभाविक् कर्म गर्ने किल्विष[6] पाउन्न ॥४७॥
सहज[7] कर्म सदोष पनि नछोडोस् भारत !
धूवाँले अग्नि झैं सबै कर्म छन् दोष आवृत[8] ॥४८॥
सर्वत्र बुद्धि असक्त मन जितेको निस्पृह[9] ।
अभ्यासद्वारा नैष्कर्म्यसिद्धि[10] परम पाउँछ ॥४९॥
सिद्धिमा प्राप्त जसरो ब्रह्म पाउँछ त्यो सुन ।
मबाट, त्यस्तै संक्षेप्ले ज्ञान-निष्ठा छ जो पर ॥५०॥
निर्मल बुद्धिले युक्त चित्त धैर्यले रोकेर ।
त्यागेर सबै विषय राग द्वेष् दूर गरेर ॥५१॥

५. राम्ररी अनुष्ठान गरिएको । ६. पाप । ७. साथै पैदा भएको । ८. ढाकिएको । ९. इच्छा नभएको । १०. आत्मा कर्ता भोक्ता ह्वैन वा कर्म गर्दैन भन्ने सिद्धि-ज्ञान पाउँछ ।

विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ॥५२॥

अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥५३॥

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥५४॥

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥५६॥

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥५७॥

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ॥५८॥

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥५९॥

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ॥६०॥
ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥६१॥
तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥
इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

१. सेखी वा घमण्ड । २. प्राक्तन कर्माधीन । ३. बारम्बार रथको चक्का घुमाएझैं,

एकान्त सेवी अल्पाशी रोद्धा वाक् मन शरीर ।
नित्य नै ध्यानयोगमा लग्न वैराग्य आश्रित ॥५२॥

अहंकार् बल दर्प[1] र क्रोध धनको संग्रह ।
छोडेर शान्त ममता-हीन ब्रह्ममा मिल्दछ ॥५३॥

ब्रह्ममा स्थित प्रसन्न-चित्त शोच्तैन चाहन्न ।
सम सब् प्राणीमा मेरो परा भक्ति त्यो पाउँछ ॥५४॥

म जस्तो जो हुँ तत्त्वले परा भक्तिले जान्दछ ।
यथार्थ जानी मलाई मैमा प्रवेश गर्दछ ॥५५॥

गर्छ ता पनि सब् कर्म मेरो सेवामा तत्पर ।
कृपाले मेरो अनाशि पद शाश्वत पाउँछ ॥५६॥

मनले ममा समग्र कर्म अर्पेर मत्पर ।
आधार बुद्धियोगको गरी सदा हो मच्चित्त ॥५७॥

मच्चित्त सबै शङ्कट मेरा कृपाले तर्नेछौ ।
दम्भले यदि सुनेनौ भने तिमी नाश् हुनेछौ ॥५८॥

गरेर अहंकार् लड्नेछैन भन्दछौ भने त ।
झूटो यो तिम्रो निश्चय, स्वभाव् तिम्लाई लाउँछ ॥५९॥

चाहन्नौ गर्न, मोहले जो, त्यो स्वभाव्ले उत्पन्न ।
बद्ध भै आफ्ना कर्मले तिमी गर्नेछौ अवश[2] ॥६०॥

मायाले यन्त्र[3] आरूढ सबै भूतलाई ईश्वर ।
घुमाउँदै नै भूतका सबै बुद्धिमा बस्तछ ॥६१॥

त्यसैका जाऊ शरण सर्वभावले[4] भारत ! ।
कृपाले त्यस्कै पाउँछौ परं शान्ति पद शाश्वत ॥६२॥

तिम्लाई मैले गोप्यमा गोप्य बताएँ यो ज्ञान ।
यो सबै विचार् गरेर जस्तो इच्छा छ त्यै गर ॥६३॥

मायाद्वारा जन्ममरणरूप यन्त्र (चक्का) मासेका । ४. मन, बुद्धि कर्मले ।

सर्वगुह्यतमं भूयः शृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ॥६४॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥६५॥

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

इदं ते नातपस्काय नाभक्ताय कदाचन ।
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ॥६८॥

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः ।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥७१॥

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनंजय ॥७२॥

अर्जुन उवाच

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥७३॥

सबैमा अति रहस्य मेरो बात् सुन फेरो त ।
मेरा छौ अति प्रिय र भन्छु त्यसैले म हित ॥६४॥
मन्‌लाई ममा भक्त हौ मेरै मैलाई पूज र
नमस्कार पनि मैलाई गर यो सबै गरेर ।
ममा नै जानेछौ भविष्यमा सत्य छ यो बात
प्रतिज्ञा गर्छु यो तिमीलाई प्रिय छौ मेरा त ॥६५॥
छोडेर[1] सबै धर्म म यौटैका जाऊ शरण ।
म तिमीलाई सब् पापबाट छुट् गर्छु नशोच ॥६६॥
यो तिमीलाई भनेको ज्ञान तपस्या-हीन र
अभक्तलाई कहिले पनि नगर्नु विस्तार ।
सुन्नको इच्छा नगर्नेलाई पनि यो नभन्नू
जो मेरो द्वेष गर्दछ उसलाई पनि नभन्नू ॥६७॥
यो परं गुह्य जो जन मेरा भक्तमा भन्नेछ ।
गरेर परा भक्ति त्यो मैमा निश्चय जानेछ ॥६८॥
त्योदेखि मेरो नरमा अति प्रेम् गर्ने क्वै छैन ।
त्योदेखि अर्को भूमिमा प्रिय हुने नै क्वै छैन ॥६९॥
यो हाम्रो धर्म्य[2] संवाद पनि जो जन पढ्नेछ ।
त्यस्ले म ज्ञानयज्ञले पूजिन्छु मेरो यो मत् छ ॥७०॥
श्रद्धालु दोष नदिने जन सुन्दछ पनि जो ।
त्यो पनि छुट्छ पाउँछ पुण्यलोक् पुण्य गर्नेको ॥७१॥
सुन्यौ के पार्थ ! तिमीले एकचित्तले यो बात ।
अज्ञानोत्पन्न मोहको तिम्रो नष्ट भो के पार्थ ॥७२॥

अर्जुनले भने

हजुर्को कृष्ण ! कृपाले मोह नष्ट भो, स्मृति भो ।
संशय नष्ट भा'को छु गर्छु[1] वचन हजुर्को ॥७३॥

१. सब कर्मको फल । २. धर्मबाट नहटेको ।

संजय उवाच

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ।
सम्वादमिममश्रौषमद्भुतं रोमहर्षणम् ।।७४।।

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम् ।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथनयतः स्वयम् ।।७५।।

राजन्संस्मृत्य संस्मृत्य सम्वादमिममद्भुतम् ।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ।।७६।।

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ।
विस्मयो मे महान्राजन्हृष्यामि च पुनः पुनः ।।७७।।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ।।७८।।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे मोक्षसंन्यासयोगो
नामाष्टादशोऽध्यायः ।।१८।।

सञ्जयले भने

यसरी मैले महात्मा पार्थ र वासुदेवको ।
रोमाञ्च गर्ने अद्‌भूतयुक्त सम्वाद सुनियो ॥७४॥

मैले यो अति रहस्य योग स्वयं नै कहने ।
साक्षात कृष्णबाट नै सुनें व्यासका कृपाले ॥७५॥

हे राजन्, कृष्ण पार्थको पुण्य यो अद्भुत् संवाद ।
संझेर संझेर वारंवार हुन्छु म हर्षित ॥७६॥

त्यो पनि अद्भुत् हरिको रूप संझेर संझेर ।
मेरो छ महान् विस्मय राजन् खुशी छु वार्वार ॥७७॥

योगेश कृष्ण जहाँ छन् जहाँ छन् धन्वी अर्जुन ।
त्यहाँ श्री भूति विजय नीति छन् मेरो यो मत् छ ॥७८॥

इति अठारौं अध्याय ॥ १८ ॥

कैसरी स्मारक पुस्तकालय काठमाडौं, नेपाल
Kathmandu, Nepal
G 1110
716

लेखक परिचय ः

पण्डित बैजनाथ भट्टराई

काव्य र व्याकरणका सफल गुरु, शिक्षण सेवाबाट
अवकाश प्राप्त, अध्यापक, गीता-उपनिषद् आदि
पूर्वीय दर्शनशास्त्रको चिन्तन र विश्लेषणमा
समर्पित, प्रकाशित पुस्तक ४ ।